श्रीमद्देवीभागवत नवम स्कन्ध प्रारम्भ

राधादि पञ्च प्रकृति–वर्णन – (१)

श्री जन्मेजयलाइ व्यास ऋषिले * जस्तो सुनाए यता
श्री नारायणले उही कहनुभो * देवर्षिलाई उता ।
देवी हुन् पहिली गणेश–जननी * लक्ष्मी र राधा अनि
सावित्री र सरस्वती प्रकृति हुन् * मान्छन् तपस्वी मुनि ।। १ ।।
प्राणी सिर्जनु काम हो प्रकृतिको * शक्ति–स्वरूपा भई
आफू एक भए पनी त्रिगुणमा * छन् व्याप्त वा श्रेष्ठ यी ।
'प्र' को हो 'पहिलो' र सृष्टि 'कृति' को * हो अर्थ अर्को भनी
मान्छन् वेद समस्त आदि प्रकृती * हुन् सृष्टिभन्दा यिनी।। २ ।।
यो सृष्टी पहिले हुँदा, जब भयो * आत्मा दुई रूपको
दायाँ भो पुरुष प्रधान, प्रकृती * बायाँ भनी मानियो ।
नित्य ब्रह्म–स्वरूपिणी प्रकृति हुन् * चैतन्यकै साथ छन्
जस्तै अग्नि र दाह–शक्ति छ सँगै * उस्तै दुवै एक हुन् ।। ३ ।।
मान्छन् भेद–विहीन स्त्री–पुरुषमा * त्यै हेतुले सज्जन
यो हो सृष्टि समस्त ब्रह्ममय यै * मान्छन् तपस्वी जन ।
इच्छा भो परब्रह्मको मनमनै * ब्रह्माण्ड रच्ने जब
आफैँ स्वच्छ भएर मूल प्रकृती * देखा परीथिन् तब ।। ४ ।।

इच्छाले प्रभुकै भए जगतमा * ती पाँच शक्ती अनि
सावित्री र रमा सरस्वति तथा * राधा र दुर्गा पनि ।
साक्षात् ब्रह्मस्वरूपिणी प्रकृति हुन् * दुर्गा महादेवकी
पूजा ध्यान सहर्ष देवगणले * गर्छन् उनैको स्तुति।। ५।।
दिन्छिन् ती सुख—शान्ति शीघ्र जन जो— * जो चाकरी गर्दछन्
फाली पाप र ताप शोक मनको * आनन्दले बस्तछन् ।
उन्को जो जन पर्दछन् शरणमा * रक्षा स्वयम् गर्दछिन्
सम्झेमा पनि भक्तको जननिले * सङ्कष्ट ती हर्दछिन्।। ६।।
ती हुन् तेज—स्वरूप शक्ति शिवकी * प्रख्यात सिद्धेश्वरी
दिन्छिन् ऋद्धि र सिद्धि, भित्र मनको * सन्ताप सारा हरी ।
जो छन् रूप अनेक ती जननिका * औतार नाना थरी
गर्छिन् भक्त र देवता सुजनको * रक्षा उनै ईश्वरी।। ७।।
निद्रा, भ्रान्ति र शान्ति, कान्ति जननी * श्री पुष्टि तुष्टी धृति
भोक प्यास र बुद्धिरूप अरु हुन् * छाया दया श्री स्मृति ।
यिन्को जुन् महिमा छ जान्न जन क्वै * सक्तैन आँटे पनि
भन्छन् वेद पुराण विज्ञ जनले * हुन् 'नेति—नेती' भनी।। ८।।
देवी हुन् जननी तिनै भुवनकी * मालीक श्री पार्वती
उन्को नित्य उपासना सकलले * गर्छन् खुशी भै अति ।
प्राणीलाइ सदैव जीवन दिने * धान्य—स्वरूपा तिनी
लक्ष्मी हुन् गृहकी गृहस्थ जनकी * हुन् प्राणदात्री पनि।। ९।।
प्राणीका घरमा बसेर धनकी * स्वामी उनै श्री रमा
ती छन् शक्ति—स्वरूप भूपहरुमा * सत्कीर्तिको रूपमा ।
व्यापारी जनको सदैव घरमा * वाणिज्यको रूपमा
द्रोहीमा झगडा, सदैव करुणा * छन् भक्तका निम्तिमा।।१०।।

पूज्या सेव्य पुराण शास्त्र सबमा * ज्ञानी मुनी भन्दछन्
गर्दा पूजन भक्तले सुजनले * आनन्द वर्षाउँछिन्।
तेस्री शक्ति सरस्वती जननि हुन् * वाणी–स्वरूपा पनि
विद्या बुद्धि विवेक ज्ञान कविका * व्याख्यान–रूपा तिनी॥११॥
सारा शास्त्र बुझाउने र मनको * शङ्का विनाश्ने सब
छन् देवी लय ताल सात स्वरकी * हुन् गानकी गौरव।
उन्को आसन पद्म उत्तम सफा * त्यो 'हंस' हो वाहन
दिन्छिन् ज्ञान समस्त शास्त्रहरुको * उन्ले खुशी भैकन॥१२॥
छिन् सेतो हिम–शैल झैं भगवती * श्रीचन्द्र झैं उज्ज्वल
देवी हुन् तपरूप विज्ञ जनको * गर्छिन् सदा मङ्गल।
वाणीरूप ति श्रेष्ठ सत्त्व–गुणकी * श्री वेदमाता भनी
गर्छन् ध्यान, उनी–विना जनहरू * लाटा हुनेछन् मुनि॥१३॥
सावित्री जननी पनि प्रकृति हुन् * चौथी जगत्–तारिणी
चारै वेद र चार वर्ण, जनकी * हुन् मातृरूपा पनि।
सन्ध्या पूजन मन्त्र–तन्त्रहरुमा * हुन् सिद्धिदात्री अति
ब्रह्माकी प्रिय पत्नि, विज्ञ द्विजको * कल्याण गर्ने सती॥१४॥
गायत्री, बृहती, सुरम्य जगती * हुन् छन्दरूपा तिनी
देवी विश्व–स्वरूपिणी जननि हुन् * प्रख्यात तेजस्विनी।
गर्छन् तीर्थ अनेक आश उनको * कल्याण मिल्ला भनी
वर्ण श्वेत समस्त छन् स्फटिक झैं * सायुज्यदात्री पनि॥१५॥
हुन् राधा प्रकृती अनन्त प्रभुकी * प्रत्यक्ष पाँचौं अनि
मान्छन् ती अविनाशिनी भगवती * आनन्ददात्री भनी।
आफू चिद्घन नित्य निर्गुण सदा * निर्लिप्त छन् तापनि
दिन्छिन् दर्शन भक्तलाइ तपले * शक्ति–स्वरूपा बनी॥१६॥

गर्थे भार उजार्न यो पृथिविको * श्री कृष्ण लीला जहाँ
राधा श्री वृषभानुका घर गई * जन्मिन् र वर्षाद्महाँ।
उन्कै पाउ परेर शुद्ध व्रत वा * सम्पूर्ण भूमी भइन्
गर्दै हास–विलास कृष्णसित ती * आनन्द मानी रहिन्।।१७।।
ब्रह्माले उहिल्यै उनै जननिको * मिल्ला भनी दर्शन
गर्दा साठि हजार वर्ष तप त्यो * बाँधेर पद्मासन।
ब्रह्मालाइ मिल्यो यथा–समयमा * श्री शक्तिको दर्शन
इच्छा पूर्ण भयो, परे चरणमा * न्यूरेर ढोगीकन।। १८।।

देवीका अनेक विभूतिहरूको वर्णन – (२)

हे राजन् ! पहिले भनें प्रकृति जो * छन् मुख्य पाँचै भनी
उन्कै अंश–स्वरूप उत्तम कला * नाना थरी छन्, अनि।
तिन्मा झन् जति श्रेष्ठ छन् ति सबको * गर्छू म वर्णन् सुन
सुन्नाले महिमा, कला प्रकृतिको * सन्तुष्ट होला मन।। १।।
गङ्गा भारतमा सदैव जनको * रक्षा गरी बग्दछिन्
पापीका सब पाप–ताप मनको * भागीरथी नास्तछिन्।
आएकी शिवको जटा मुकुटमा * वैकुण्ठदेखिन् झरी
बग्छिन् भूतलमा नदी–स्वरुपमा * रक्षा गरी ईश्वरी।। २।।
अर्की छन् तुलसी पनी पृथिविमै * विष्णु–प्रिया मानिनी
बस्छिन् श्रीहरिकै विशाल मनमा * प्यारी बनी कामिनी।
गर्ला पूजन जो सदा तुलसिको * पुग्नेछ इच्छा सब
यिन्लाई प्रिय मानि आदर ठुलो * गर्छन् सदा माधव।। ३।।
लक्ष्मीकै शुभ अंश जान तुलसी * हुन् सिद्धिदात्री पनि
जान्छन् भक्ति गरेर सज्जनहरू * बैकुण्ठ धामै पनि।

सन्तोषी हुन गर्दछन् तुलसिको * सेवा तथा पूजन
तिन्का पाप र ताप आदि जति छन् * भाग्छन् सबै दुर्गुण।। ४।।
धेरै अन्य विभूति छन् पृथिविमै * कात्यायनीका जति
शक्तीकै सब अंश हुन् तिनिहरू * मैले बताऊँ कति !
आफू एक भए पनी थरि–थरी * छन् रूपले, नामले
जानेको जति भन्छु नाम अहिले * एकेक संक्षेपले।। ५।।
बैह्नी वासुकि नागकी अघि भइन् * साध्वी जरत्कारु ती
शक्तीकै शुभ अंश हुन्, पछि भइन् * आमा ति आस्तीककी।
भन्छन् जस्कन शक्ति–अंश सबले * ती देवसेना पनि
छैठीमा गरिइन्छ पूजन, उनै * हुन् षष्ठिका योगिनी।। ६।।
अर्की मङ्गल–चण्डिका जननि हुन् * प्रख्यात छन् लोकमा
दिन्छिन् मङ्गल, गर्छ भक्ति जन जो * राखी दया चित्तमा।
अर्की श्रेष्ठ वसुन्धरा प्रकृतिकै * हुन् अंश भूमी पनि
आधार–स्थल हुन् तिनै भुवन वा * ब्रह्माण्डकी नै उनी।। ७।।
भन्छन् भूमिपती सबै कृषकले * तिन्को गरी पूजन
उन्ले अन्न दिएर बीज सबको * गर्छिन् सदा पालन।
जो जो अंश प्रधान वा प्रकृतिका * हुन् पत्नि जस्की तिनी
तिन्को वर्णन गर्दछू सुनिरहू * संक्षेपले हे मुनि।।८।।
स्वाहा स्त्री बुझ अग्निकी, शशिमुखी * हुन् 'दक्षिणा' यज्ञकी
पत्नी उत्तम पितृकी अनि स्वधा * हुन् स्वस्ति श्री वायुकी।
ऋद्धी–सिद्धि गणेशका प्रिय दुवै * 'सम्पत्ति' ईशानकी
पत्नी 'तुष्टि' अनन्तकी, कपिलकी * हुन् 'वैधृती' नामकी।। ९।।
पत्नी कामिनि मोहकी अनि दया * स्त्री हुन् सती सत्यकी
पत्नी कीर्ति सुकर्मकी र यशकी * स्त्री हुन् प्रतिष्ठा सती।

स्त्री हुन् उत्तम योगकी अनि क्रिया * छन् पूज्य संसारकी
मिथ्या पत्नि अधर्मकी, अनि प्रिया * हुन् धूर्तताकी निकी।।१०।।
पत्नी शान्ति सुशील लाज सबका * एकेक छन् ती निका
हुन् मेधा धृति बुद्धिका र स्मृतिका * प्रत्येक हुन् ज्ञानका।
यस्को वर्णन, तन्त्र–ग्रन्थहरुमा * पाइन्छ खोजी गरे
धेरै मानव तन्त्र–मन्त्र बलले * संसार पारी तरे।। ११।।

सरस्वतीको आराधना – (३)

राजन् ! ब्रह्म–स्वरूपिणी प्रकृति छन् * जो सृष्टिरूपा पनि
उन्कै दिव्य विभूति पाँच पहिल्यै * शक्ती भएथे अनि।
सावित्री र सरस्वती अनि रमा * राधा भए ती सती
उन्को गर्दछु केहि वर्णन मुने ! * जाने–सुनेको जति।। १।।
वाणीको अधि कृष्णले पनि गरे * पूजा खुशी भैकन
बन्ला पण्डित मूर्खले पनि गरे * वाक्–देविको पूजन।
वाणी पूजित छन्, त्रिलोक–भरिमा * ज्ञानी मुनी सज्जन
गर्छन् पूजन भक्तिपूर्वक बसी * श्रीपञ्चमीको दिन।। २।।
प्रातः –कृत्य सकी पवित्र जलले * स्नानादि पूरा गरी
राम्रो आसनमा बसी चिजहरू * जम्मा गरी राम्ररी।
वीणा–पुस्तक–धारिणी भगवती * भन्दै गरी पूजन
गर्नू ध्यान झुकेर हात दुइटै * जोरेर आवाहन।। ३।।
जप्दै मन्त्र कि यन्त्र तन्त्र विधिले * पूजा गरी भक्तिले
गर्नू ध्यान सकेर पाठ स्तुति यो * अष्टाक्षरी मन्त्रले।
जप्तै वैदिक मन्त्र वेद–विधिले * गर्ला अनुष्ठान जो
वाणीको करुणा भएर भवमा * होला ठुलो व्यक्ति त्यो।। ४।।

हे शारदे ! सकल शास्त्रहरूकि खानी
को सक्छ भन्न सहजै गुण त्यो बखानी ।
हे शुद्धरूपिणि ! जगज्जननी भवानी !
जानी नजानि स्तुति गर्दछु मातृ मानी ।। ५।।
नाऊँ पुकारि, झुकि खालि अनाथ भक्त
गर्छू प्रणाम, अरु गर्न म छू अशक्त ।
तिम्रै कृपा हुन गएर जगत्–भरीमा
स्वाँठे पनी पठित बन्छ क्षणै–भरीमा ।। ६।।
पूजा विशेष जुन गर्दछ भक्ति–साथ
गर्छू प्रणाम जननी निहुराइ माथ ।
यस्ती दयालु जननी तिमिलाइ धाई
गर्छू प्रणाम पदमा शिर यो झुकाई ।। ७।।
जान्दीनँ पाठ अरू ध्यान विधान भक्ति
केवल् झुकी बरबराउँछु यै छ शक्ति ।
वीणा लिई करविषे मधु गान–तान
छाडेर, मोह गरने, जननी ! प्रणाम ।। ८।।
जो भक्ति गर्छ उसलाइ खुशी भएर
पार्ने प्रसन्न वरदान सबै दिएर ।
त्यस्तै मलाइ पदको निज भक्त जानी
सङ्कष्टबाट अब तार छिटै भवानी ! ।। ९।।

हे वाणी ! करुणा ममाथि गर लौ * सप्रेर जाओस् मति
साहै मूर्ख भएँ म श्राप गुरुको * पाई नराम्रो अति ।
निस्तेजी अति दीन–हीन मतिको * दुःखी म छू बेसरी
विद्या पाउँ समस्त फेरि अघि झैं * त्यो श्राप जाओस् टरी।।१०।।

ज्ञानी वाल्मिकि व्यास नारद मुनी * तिम्रै कृपाले गरी
जान्ने धीर गुणी ठुला कवि बने * प्रख्यात पृथ्वीभरि।
ब्रह्मा, विष्णु, महेश, इन्द्र, यमले * धेरै तपीले पनि
गर्छन् चाकरि दैत्य दानव सबै * वाणी ठुली हुन् भनी॥११॥
तिम्रो तेज र शक्ति जो छ सहजै * जान्दैन कोही पनि
उस्तीको स्तुति गर्न सक्छ अरु को ?* आफैँ चनाखो बनी।
वाणीको स्तुति याज्ञवल्क्य मुनिले * यस्तो गरेथे जब
पाएथे वरदान इच्छित कुरा * माँगे जती जे सब॥१२॥

सरस्वती, लक्ष्मी र गङ्गाको झगड़ा – (४)

गङ्गाले अघि व्यर्थको कलहमा * जो श्राप ठूलो दिइन्
त्यस्ले भारतमा ठुली नदि बनी * चौतर्फ बग्दी भइन्।
जानी तीर्थ प्रधान उत्तम नदी * स्नानादि जो गर्दछन्
सारा पाप पखालि ताप मनको * बैकुण्ठमा बस्तछन्॥ १॥
बद्री पर्वतको सुरम्य तटमा * बस्ने ति नारायण
भन्थे नारदलाइ उत्तम कथा * उन्को बुझाई मन।
पाई श्राप सरस्वती नदि भइन् * कस्तो परी कारण?
त्यस्को गर्नुहओस् प्रभो ! अब सबै * विस्तारले वर्णन॥ २॥
बिन्ती नारदको सुनेर हरिले * भन्नूभयो हे मुनि !
राम्रो प्रश्न गर्‍यौ, म भन्दछु सबै * सन्तुष्ट हौला सुनी।
गङ्गा लक्ष्मि सरस्वती प्रियतमा * हुन् विष्णुका तीन जो
मेरै मात्र बनी रहुन् प्रिय हरी * इच्छा थियो तीनको॥ ३॥

गङ्गा बनी क्वै दिन कामुकी सरी
मुहार हेर्थिन् प्रभुकै घरी–घरि।

हाँसी मुसुक्क प्रियकै मुखतर्फ हेरिन्
गर्दी कटाक्ष अति चञ्चल नेत्र फेरिन् ॥ ४॥
आसक्त झैँ हरि भए मुखचन्द्र देखी
देख्दा सरस्वति भइन् चढि उग्र शेखी ।
वाणी रुखो गरि तिखो प्रियतर्फ हेरी
बोलिन् कटाक्ष गरि क्यै नगरेर देरी ॥ ५॥

स्वामीले सब पत्निमा सम गरी * हो हेर्नुपर्ने, तर
मेरो भाग्य कहाँ छ त्यो किसिमको * उल्टो छ झन् आखिर ।
बर्ता प्रेम म देख्दछू हजुरको * गङ्गा र लक्ष्मीतिर
आफैलाइ म दिन्छु दोष, भनुँ के * खोटो हुँदा खप्पर॥ ६॥
गङ्गा–लक्ष्मिसितै छ स्नेह गहिरो * यौटी म बाहेक छु
यै हो धर्म हजूरको यदि भने * जाने बिदा माँग्दछु ।
त्यो सुन्दै नसुनी उठेर प्रभु ती * आफ्नू सभामा गए
गङ्गा लक्ष्मि सरस्वती त्यहिँ बसी * बाझीरहेकै थिए॥ ७॥
गर्जिन् झट्ट सरस्वती नयनले * हेरेर बाङ्गो गरी
लज्जा छैन तँलाइ के, नकचरी ! * हेर्छेस् तँ वेश्या सरी ।
राम्री छू म भनी पतीकन स्वयम् * पेवा गरा तैँ अब
दुष्टा, पर्खि उखेल्दछू म अहिले * तेरा जगल्टा सब ॥ ८॥
झम्टिन् गालि गरी उठेर रिसले * तिन्लाइ भुत्ल्याउन
लक्ष्मी आइ उभेर ठिङ्ङ बिचमा * रोकिन् बुझाईकन ।
पोखिन् त्यो रिस लक्ष्मितर्फ तिनिले * हो पक्ष गर्ने भनी
श्रापिन् झार नदी भए तिमि रमा ! * भन्दै कराइन् तिनी॥ ९॥
बोलीनन् सुनि श्राप त्यो मनमनै * सारा खपिन् लक्ष्मिले
गङ्गाले अनि लक्ष्मिलाइ सहसा * भन्दी भइन् रोषले ।

हे लक्ष्मी ! तिमि जाउ लौ पर हटी * यस्को म हेरूँ हुति
यस्ले क्रोध गरेर व्यर्थ अहिले * के गर्न सक्छे खती ॥ १० ॥
लौ दुष्टे! तँ नदी भईकन बगेस् * त्यो मृत्युलोकैमहाँ
पापी छन् जन जो उ पाप सबको * तँले पखाल्नू उहाँ ।
गङ्गालाइ पनी शराप यसरी * तिन्ले दिइन् क्रोधले
पृथ्वीमै तँ पनी म झैं नदि भएस् * मेरो यही श्रापले ॥ ११ ॥
श्रापाश्राप गरी परस्पर निकै * बाझ्दै थिए बेसरी
हाँस्तै फेरि उहीँ, स्वयं मुसुमुसू * पाल्नूभयो श्री हरि ।
माया खूब सरस्वतीकन गरे * टाँसेर छातीमहाँ
सम्झाए अनि तत्त्व ज्ञान प्रभुले * संक्षेपमा नै उहाँ ॥ १२ ॥
आज्ञाले भगवानको पृथिविमा * तत्काल ओर्लें अनि
उन्मा मुख्य सरस्वती नदि बगिन् * उद्धार गर्छू भनी ।
गङ्गा भारतमा प्रधान नदि छन् * भागीरथी नामले
सारा पाप पखालिइन्छ तनको * स्नानादिले दानले ॥ १३ ॥
गङ्गाजी तुलसी भई पृथिविमा * पद्मा नदी बग्दछिन्
तिन्मा स्नान र दान् गरी हृदयले * सारा व्यथा फाल्दछन् ।
सेवा गर्दछ नित्य जो तुलसिको * रोपेर पूजा गरी
भोगी भोग यहाँ, त्यजी तन उहाँ * बस्ला गई राम्ररी ॥ १४ ॥
बित्ला त्यो कलिशो हजार दस नै * त्यो वर्ष पूरा जब
पृथ्वी त्यागिदिनन् ति देवगणले * शक्ती समेतै तब ।
सारा धर्म हुनेछ लोप भवमा * देखिन्न क्वै सज्जन
गर्छू नारद जी ! म घोर कलिको * संक्षेपमा वर्णन ॥ १५ ॥

कलियुगको वर्णन – (५)

होलान् म्लेच्छ सरी मनुष्य कलिका * दुष्टात्म पापी सब
लुच्चा, चोर, छली र कप्टि अरुको * खोसीलिने वैभव ।

मासू खाइ अनेक निन्द्य पशुको * बन्लान् पशू झैँ अनि
गर्नन् मैथुन नित्य रात्रि–दिनमै * प्रत्यक्ष कामी बनी।। १।।
चारै वर्ण हुनेछ भ्रष्ट कलिमा * जस्ले सक्यो त्यै धनी
होला, भेद कुनै धनी गरिबको * होवैन केही पनि।
भोज्याऽभोज्यविषे विचार नगरी * गर्नन् अनीती जब
नातादार अगम्यमा पशु–सरी * सम्भोग गर्नन् सब।। २।।
स्वास्नीकै वशमा परी खटनमा * चल्नन् कमारा बनी
सोध्नन् स्त्रीसित काम क्यै परिगए * के गर्नुपर्ला भनी।
आज्ञा लंघन पितृ–मातृ–गुरुको * गर्नन् दुखी भैकन
पत्नीको सब बात आदर–सहित् * सुन्नन् र मान्नन् जन।। ३।।
नाता स्त्रीहरुकै मिलाइ गुजरा * गर्नन् सदा दुर्जन
हर्नेछन् अबला अनाथ जनको * निर्धा दुखीको धन।
गर्नन् मोज छली लुटी धन ठगी, * सत् कर्मले आर्जन
गर्नेछैन कदापि कोहि कलिमा * होलान् सबै दुर्जन।। ४।।
स्वास्नीका गहना र वस्त्र घरको * सारा सकी सम्पति
रण्डीबाजि, जुआ र जाफल गरी * सक्नन् लिई दुर्मति।
स्वास्नीकै सँगमा थरी–थरि गरी * खेल्बाड रातो–दिन
कामासक्त भई विचार नगरी * गर्नन् सदा मैथुन।। ५।।
आफ्ना बन्धु र इष्ट–मित्रसँग जे * गर्ने कुरा छन् जति
गर्नन् स्त्रीहरु नै, समस्त घरको * कार्यादि गर्ला पति।
आई कार्य पऱ्यो भने यदि कुनै * ठूलो कि सानै पनि
गर्नन् बात स्वयम् पतीकन पछी * सारेर 'हट्नोस्' भनी।। ६।।
कन्या सात हुँदा रजोवति हुनन् * नौ वर्षमा गर्भिणी
छोरा–छोरिहरू उमेर नपुगी * जन्माउनन् वर्षिनी।

फुल्नन् वृद्ध भएर सोह्र जतिमै * ती बीस पुग्दा थला
आठौं वर्ष हुँदा बनेर तरुणी * ती पेट बोक्लान् खुला।। ७।।
होला आपुसमा अनेक झगडा * माता–पिता पुत्रमा
नातादार कुटुम्ब बन्धु जनमा * सम्पत्तिकै निम्तिमा।
लाग्लान् नून र तेल दूध घिउको * व्यापारमा ब्राह्मण
खानन् ब्राह्मण शूद्रको धन तथा * अन्नादि माँगी धन।। ८।।
पौवा पाटि र चौर गोचरन वा * धारा कुवा पोखरी
राखेका अरु धर्म–कीर्ति अधिका * प्रत्येक लेलान् हरी।
सेवा शूद्र र नीचको खुशि भई * गर्जन् गुणी ब्राह्मण
काहाँ गैकन मिल्छ सम्पति भनी * गर्नन् सदा चिन्तन।। ९।।
रोलान् पुत्र कुपुत्रले दुख दिई * माता–पिता वा अरू
सासूलाइ रुवाउनन् धुरु–धुरू * बाठा बुहारीहरू।
बस्नन् कत्ति नमानि लाज सहसा * घरज्वाइँ भै दुर्जन
स्वास्नीले गरि चाकरी घर–घरै * ल्याएर देलान् धन।। १०।।
माता एक तजेर बाहिर अरू * ती सर्वगामी हुनन्
स्त्रीकै निम्ति हुनेछ घोर झगडा * ईर्ष्या मनैमा लिनन्।
रम्नेछन् गइ शूद्रकै घर बसी * चाण्डालिनीमा पनि
गर्नेछन् व्यभिचार घोर कलिका * पापिष्ठ कामी बनी।। ११।।
गर्नन् दान घमण्ड धेर मनमा * राखी ठुला हौँ भनी
आफ्नै कीर्ति फिजाउनन् ति कलिमा * क्यै कार्य गर्दा पनि।
राख्नन् गोप्य नजाति कर्म जति छन् * गायत्रि राखे सरि
चिन्नैलाइ कठिन् हुनेछ नर वा * नारी भनी राम्ररी।। १२।।
गाई अन्न सुवर्ण भूमि पहिले * जे दान दीए पनि
खोस्नेछन् पछि ती गएर बलले * हो वस्तु मेरो भनी।

विद्या, गाइ र पुत्रिलाइ द्विजले * बेचेर लेलान् धन
गायत्री जप–कर्म निग्रह लिई * देलान् खुशी भैकन ।। १३ ।।
हत्त्यारा अपराधि घोर कलिमा * होलान् अनेकौँ जन
मिच्नन् नीच, ठुलाहरूकन निकै * उन्को हुनाले धन ।
धेरै म्लेच्छहरू बढेर धनले * देलान् प्रशस्तै ऋण
नीचाको धन अन्नले तन सहित् * ढाक्ता गुणीको मन ।। १४ ।।
होलान् हात–प्रमाणका जनहरू * पुड्के र ग्याँचे जब
बाहूमा लिइ खड्ग कल्कि भगवान् * औतार लेलान् तब ।
घोडामाथि चढ़ेर खड्ग करको * चम्काउँदै बेसरी
गर्नन् म्लेच्छ विनाश, दुष्ट जतिको * भारी भुमीको हरी ।। १५ ।।
ती नै कल्कि घुमेर म्लेच्छ भुमिका * सारा निखरीदिनन्
अन्तर्धान भएर कल्कि भगवान् * आनन्द वर्षाउनन् ।
त्यै बेला सब भूमिमा थरि–थरी * उत्पात बढ्ला अनि
हाहाकार हुनेछ बेसरि बढी * झन् चोर डाकू खुनी ।। १६ ।।
हात्ती–सूँढ–समान् परी जब ठुलो * डुब्नेछ सृष्टी सब
नाशिन्छन् घर–बार, वृक्ष रहनन् * अग्ला गिरीमा जब ।
एकैपल्ट उदाइ बाह्र रविले * ताती सबै मेदिनी
मर्नेछन् सहजै अधर्म–पथमा * हिड्ने बचेका पनि ।। १७ ।।
बित्ला घोर कली र सत्ययुगको * प्रारम्भ होला तब
होला स्थापन धर्म, सत्य, तपको * निक्कै ठुलो गौरव ।
गर्ने पुण्य र वेद शास्त्र मतका * ज्ञाता हुनन् ब्राह्मण
निक्कै श्रेष्ठ पतिव्रता र सुगुणी * नारी हुनन् सज्जन ।। १८ ।।
होलान् क्षत्रिय विप्र–भक्त, रणका * ज्ञाता प्रतापी अति
बढ्ला वैश्य मिली गरी थरि–थरी * व्यापारले सम्पति ।

त्यस्तै शूद्रहरू बनेर विनयी * गर्नन् सदा चाकरी
देवीभक्त हुनन् सबै जनहरू * श्रद्धा उनैमा धरी।। १९।।
बेलामा जल चाहिने जति परी * फूले–फलेका रुख
होलान् खूब सुखी प्रजा, सुजनमा * सन्तोष होला सुख।
मान्नेछन् निज वर्ण–धर्म सबले * कर्तव्य आफ्नू भनी
पापी दुष्ट दरिद्र सत्ययुगमा * भेटिन्न खोजे पनि।। २०।।

भूमि–महिमा – (६)

सोधे नारदले महाप्रलयमा * डुब्छिन् यि भूमी, तर
अर्को सृष्टि हुँदा यि भूमि कसरी * कस्ले गरायो स्थिर।
श्री नारायणले बुझाउनुभयो * यी भूमि डुब्छिन्, तर
धारी यज्ञवराह–रूप प्रभुले * ल्याएर पार्छन् स्थिर।। १।।
जस्ले हर्दछ विप्रको धन तथा * भूमी छली दुर्जन
त्यस्ले भोग्छ परी ठुलो नरकमा * त्यै पापको कारण।
जैह्लेसम्म यि सूर्य–चन्द्र रहनन् * ब्रह्मस्व हर्ने पनि
विष्टाको कृमि भै उ रौरव–विषे * पर्नेछ दुःखी बनी।। २।।
देला भाग लगाइ श्राद्ध तिथिमा * जो व्यक्ति भू–स्वामिको
बस्ला स्वर्ग गएर सोहि फलले * सौख्यादि भोग्नेछ त्यो।
शालिग्राम, कपूर, शंख, तुलसी * श्री विष्णु–पादोदक
माला, चन्दन, बत्ति आसन–विना * जो भूमिमा राख्दछ।। ३।।
हीरा, मोति, सुवर्ण लिङ्ग शिवको * राख्ने बिना–आसन
कुष्ठी रोग भएर अङ्ग–भरिमा * भोग्ला दुखी जीवन।
गर्ला मैथुन कार्य जो पृथिविमा * राखी बिना–आसन
त्यागी देह, पछी ठुलो नरकमा * बित्ला दुखी जीवन।। ४।।

बत्ती बाल्नु हुँदैन आसन–बिना * जानेर बाल्यो भने
अन्धो जीवन सात जन्मभरि त्यो * हो नर्कमा गाडिने।
हुन्छिन् भूमि रजस्वला बुझिलिनू * नक्षत्र आर्द्रा हुँदा
भूमी खन्नु हुँदैन त्यो दिन कसै– * ले सम्झनू यो सदा।। ५।।
जस्ले खन्दछ भूमि ध्यान नदिई * हेलाँ गरी त्यो दिन
पाई श्राप वराह–रूप प्रभुको * भोग्ला दुखी जीवन।
भूमी–पूजन ती वराह प्रभुले * पैह्ले गरे राम्ररी
भक्तीले स्तुति गर्दछन् पृथिविको * मानेर श्री ईश्वरी।। ६।।

इच्छा–सिद्धि दिने माता सर्वमङ्गल–दायिनी
जय भूमि महादेवी तिमी हौ लोक–तारिणी।
जय पृथ्वी जलाधारे ! जय माता जलप्रदे
वधू वराहकी प्यारी रक्षा गर वसुन्धरे।। ७।।
जगदाधार हौ नित्य, नित्य कल्याणकारिणी
शरणागतकी माता ! रक्षा गर दया तिमी।
गर्छू प्रणाम न्यूरेर हे भूमी ! सर्वसाक्षिणी
आपत्ति टार हे देवी ! संसारार्णव–तारिणी।। ८।।
जो गर्छ पाठ दिनहुँ स्तुति भूमिको यो
पुग्ला मनोरथ सबै थरि भक्तको त्यो।
जो गर्छ पूजन सधैँ निहुराइ माथ
इच्छा पुगेर रहला बनि त्यो सनाथ।। ९।।

गङ्गोत्पत्ति–कथा– (७)

गङ्गाको सुन हे मुने ! अब सबै * उत्पत्तिको वर्णन
राजा जुन् रवि–वंशमा सगरजी * ठूला थिए सज्जन।

वैदर्भी नृपकी थिइन् गुणवती * पत्नी सुशीला सती
उन्को आदर गर्दथे हृदयले * रानी भनी भूपति।। १।।
निक्कै वर्ष बितेपछी नृपतिकी * रानी भइन् गर्भिणी
त्यो पूरा सय वर्षमा प्रसव भो * जुन् मांसपिण्डै अनि।
चिन्ताग्रस्त भए सपत्नि नृप ती * देखी नराम्रो स्थिति
तिन्को कष्ट बुझी स्वयम् शिव पुगे * साथै लिई पार्वती।। २।।
टुक्रा साठि हजार शीघ्र शिवले * त्यस्को गराए जब
छोरा साठि हजार स्वस्थ बलिया * तत्काल जन्मे सब।
राजाले सय अश्वमेध क्रमले * गर्दै गएका थिए
घोडा अन्तिम यज्ञको इँदरले * चोरी लुकाईदिए।। ३।।
बाँधे अश्व लगी मुनी कपिलको * आश्रम्–नगीचै जब
छोरा साठि हजार ती सगरका * खोज्दै पुगेथे सब।
थाले दाह्रि उखेल्न ती कपिलको * हो अश्व चोर्ने भनी
खोले नेत्र रिसाउँदै ति मुनिले * प्रत्यक्ष आगो बनी।। ४।।
छोरा साठि हजार ती सगरका * ताहीँ खरानी भए
छोराको सुनि दुर्गती नरपती * अत्यन्त सन्तापिए।
नातीलाई दिएर राज्य उ स्वयम् * लागे तपस्यातिर
आफ्नू वंश ति अंशुमान नृपले * पार्दै गए सुस्थिर।। ५।।
मेरा पितृहरू परे अगतिमा * निर्दोष हुन् तापनि
तिन्को गर्छु म लौ ठुलो तप गरी * उद्धार पक्का भनी।
गङ्गा ल्याउनलाइ ती नृपतिले * ठूलो तपस्या गरे
इच्छा पूर्ण भएन घोर तपमै * बूढो भई ती मरे।। ६।।
उन्कै नाति पछी भगीरथ भए * निक्कै प्रतापी पनि
गङ्गालाइ म ल्याउँछू तप गरी * यै पृथ्विमा नै भनी।

धेरै वर्ष रहे हिमाल गिरिमा * बाँधेर पद्मासन
गङ्गा आइ भनिन्—प्रसन्न म भएँ * आफ्नू दिई दर्शन।। ७।।
वाणीको छ शराप आउँछु छिटै * यै भूमिमा नै, तर
मेरो वेग ठुलो छ थाम्न तिमि लौ * यत्नादि केही गर।
सोही कारण शम्भुलाइ तपले * जाऊ रिझाऊ अनि
इच्छा पूर्ण हुनेछ यो वर दिएँ * भन्दै बिलाइन् तिनी।। ८।।
लागेथे तप गर्न भूपति, कुरा * भागीरथीको सुनी
पाए दर्शन शम्भुको जब बिते * क्यै वर्ष तिन्का अनि।
आफ्नू जे मनमा थियो, चरणमा * ढोगी सुनाए जब
भन्नूभो शिवले प्रसन्न म भएँ * पुग्नेछ इच्छा अब।। ९।।
रोक्छू वेग भनी हिमालय गए * कैलासवासी शिव
गङ्गा वेगवती ठुलो स्वर गरी * ओर्लिन् धरामा तब।
गङ्गालाइ 'अहम्' भएछ मनमा * भन्ने बुझी शम्भुले
राख्नूभो शिवले जटा—मुकुटमा * आफ्नू ठुलो शक्तिले।।१०।।
फेरी पाउ परी नरेश शिवको * गर्दा स्तुति प्रार्थना
छाड्नूभो शिवले सहर्ष नृपको * सारा बुझी कामना।
ठूलो वेग गरी झरिन् पृथिविमा * गङ्गा जगत्—पावनी
राजाको तपको मिली सफलता * खूशी भएथे तिनी।। ११।।
राजाको रथका हिँडिन् पछि—पछी * भागीरथी भूमिमा
जैह्ले पुग्न गए मुनी कपिलको * राम्रो उही स्थानमा।
तिन्का पितृहरू परी अगतिमा * सन्ताप भोग्थे जति
गङ्गाको जलले परम्पद पुगे * सन्तोष मान्दै अति।। १२।।
हे गङ्गे ! भनि क्वै पुकार्दछ भने * पापी र दुःखी पनि
सारा पाप पखालि स्वच्छ तनको * बस्ला तपस्वी बनी।

गर्दै छू म पुकार न्यूरि पदमा * छन् दोष मेरा जति
सारा नाश गराइबक्सनुहओस् * सप्रेर जाने मति।। १३।।
हे गङ्गे ! तिमि रूप शील गुणकी * मूर्ती, जगत्तारिणी
छौ नारायणकी सदा प्रिय तिमी * देवी मनोहारिणी।
तिम्रो त्यो महिमा तथा गुणहरू * को सक्छ वर्णन् गरी
हारे शेष र शारदा यदि भने * सक्छू म के ईश्वरी!।। १४।।

उठी बिहानै जुन जान्छ गङ्गा
त्यो पाप फाली हुन जान्छ चङ्गा।
सम्पूर्णकी छौ तिमि मुख्य धाम
गर्छू खुशीले पदमा प्रणाम ।। १५।।

तुलसीको आख्यान – (८)

वाणी, भागिरथी, रमा र तुलसी * हुन् चार विष्णु–प्रिया
बस्थे खूब मिलेर ती प्रभुजिका * प्यारी बनी सेविका।
ज्ञानी नारदलाइ विष्णु प्रभुले * आज्ञा भएथ्यो जति
भन्छू सोहि कथा यहाँ म अहिले * सुन्दै रहू भूपति!।। १।।
यौटा भक्त थिए वृषध्वज भनी * पैह्ले कुनै भूपति
तिन्लाई रविले कसूर नगरी * श्रापे रिसाई अति।
थाले भाग्न डरेर सूर्य, शिवले * मार्नन् अवश्यै भनी
ती त्रैलोक्य घुमे, सहाय नमिली * श्री विष्णुकाहाँ तिनी।। २।।
दोषी हुन् रवि नै भनेर शिवजी * बोले म मार्छू अब
रोकेथे शिवलाइ पक्रि पदमा * बोल्नूभयो माधव।
धेरै वर्ष बिते हजूर–रविले * खेद्दै र भाग्दै अब
कोही छैन मरीसके वृष अनी * सन्तान तिन्का सब।। ३।।

गर्दै छन् तब श्राप टार्न रविले * सन्तान उन्कै भई
छोरी भैकन जन्मलिन् पछि रमा * त्यो श्राप टर्ला गई ।
तिन्को चित्त बुझ्यो सबै तरहले * कैलास फर्के शिव
फर्के सूर्य पनी भनेर मुखले * हे नाथ, हे माधव।। ४।।
छोरा ती वृषका कुशध्वज थिए * छोरी उनैकी बनी
लक्ष्मीको अवतार वेदवतिको * नाम्ले भईथिन् तिनी ।
पाऊँ कृष्ण पती भनी तप सदा * गर्थिन् तिनीले जहाँ
डुल्दै क्वै दिन वीर रावण स्वयम् * आएछ पापी त्यहाँ।। ५।।
देखी वेदवती स्वरूपवति ती * मोहित् भयो रावण
हाँस्तै हात समाति लौ हिँड भनी * लागेछ घिच्च्याउन ।
तेरो मृत्यु हुनेछ दुष्ट ! बुझिले * मेरै परी कारण
त्यस्तो श्राप दिई गइन् तन त्यजी * सीता भई जन्मन।। ६।।
सोही कारण रामले समरमा * मार्दा भए रावण
सारा वंश विनाश पारि सहजै * आफू मऱ्यो दुर्जन ।
अर्का ती वृषका थिए सुत गुणी * भूपाल धर्मध्वज
पत्नी उत्तम माधवी गुणवती * थिन् एक साध्वी तब।। ७।।
तिन्कै छोरि बनेर नाम तुलसी * औतार अर्को लिइन्
पाऊँ कृष्ण पती भनी तप सधैँ * ती सुन्दरी गर्दथिन्।
ब्रह्माले तिनिलाइ दर्शन दिई * भन्नूभयो सादर
जे इच्छा मनमा छ माँग तुलसी ! * दिन्छू म ऐहे वर।। ८।।
पाऊँ कृष्ण पती भनिन् र विधिले * भन्नूभयो हे सती !
अर्को जन्म हुँदा हुनन् बुझिलिए * श्री कृष्ण तिम्रा पति ।
यौटा लौ गरिदेउ काम सुरको * ऐहे म भन्छू अब
यौटा वीर छ शंखचूड बलियो * योद्धा ठुलो दानव।। ९।।

त्यस्ले दुःख दिएर यो बखतमा * छन् त्रस्त ती देवता
तिम्रै कारण मर्छ त्यो समरमा * त्यागी सबै वीरता।
यस्ता बात गरी लिई सँगसँगै * तत्काल ब्रह्मा गए
लेऊ उत्तम पत्नि वीर तिमिले * भन्दै खुशीले दिए।। १०।।
पायो पत्नि जसै सुशील सुमुखी * खूशी भयो दानव
थाले भोग्न दुवै मिली थरि–थरी * आनन्द तिन्ले सब।
आयो औसर शंखचूड–वधको * भन्ने विचारीकन
शम्भूलाइ दिए त्रिशूल हरिले * मार्ने त्यही दुर्जन।। ११।।
हाँकी त्यो खललाइ गै हजुरले * लैजानुहोस् क्यै पर
त्यस्कै रूप लिई म सत्य तुलसी– * को नाश्तछू आखिर।
त्यस्को सत्य डगेपछी कवच त्यो * गिर्नेछ भैँमा जब
मार्नू शीघ्र त्रिशूलले हृदयमा * मर्नेछ त्यो दानव।। १२।।
हाँके त्यस्कन शम्भुले छल गरी * संग्रामको निम्तिमा
दौड्यो शस्त्र लिई, छले पर लगी * श्री शम्भुले युद्धमा।
उस्कै रूप लिएर सत्य हरिले * त्यस्को डगाए यता
मारेथे शिवले त्रिशूल र मऱ्यो * त्यो दुष्ट पापी उता।। १३।।
द्यौता खूशि भए, बजे थरि–थरी * बाजाहरू स्वर्गमा
विष्णूकै छल हो भनेर तुलसी * दुःखी भइन् चित्तमा।
त्यागिन् देह, शिला भए हरि भनी * श्रापेर सोही क्षण
शालिग्राम हरी भए र तुलसी * हुन् झार त्यै कारण।। १४।।
बग्दै छन् तुलसी पवित्र नदि भै * श्री गण्डकी–रूपमा
आफू कृष्ण–शिला बनेर उहिँ नै * बस्छन् उनै साथमा।
शलिग्राम शिला तथा तुलसिको * गर्नेछ जो पूजन
सक्छन् देह तजेर ती पुरुषले * गोलोक नै पाउन।। १५।।

वाणीले रिसले कुनै समयमा * निक्कै पिटीथिन् जब
बस्थिन् झार बनेर गुप्त तुलसी * सन्ताप मान्दै तब।
तिन्लाई हरिले गरी स्तुति स्वयम् * खूशी गराए जब
गै वृन्दावनमा बसिन् तुलसिजी * भै झाररूपा तब।।१६।।

वृन्दा यो नाम हो तिम्रो विख्यात छ जगत्—भरि
देऊ दर्शन हे देवि ! अपराध क्षमा गरी।
वृन्दा सती भनी जस्को नाम जप्छन् सबै जन
जप्छू त्यै नाम म पनी, शोकले छ दुखी मन ।। १७।।
पूज्या छौ हे प्रिये ! तिम्रो नाम लिन्छन् जगत्—भर
पूजिता नामले खोजी, गर्दछू म निरन्तर।
जगत् पवित्र पार्नाले जगत्—पावनि नाम भो
त्यै—नाम सम्झिई तिम्रो गर्छु स्मरण रूपको ।। १८।।
देवताले पनी तिम्रो खोज्दछन् पुष्प—मञ्जरी
तिम्रो रूप प्रिये ! नित्य सम्झन्छू कष्टमा परी।
महिमा तौलने तिम्रो तुला छैन जगत्—भर
तुलसी नाम भो त्यस्ले, सम्झन्छू म बराबर ।। १९।।
कृष्णकी प्रिय छौ देवि ! कृष्ण—जीवन—रूपिणी
मान्दछन् उहि नाऊँले, खोजी गर्दछु मै पनि।
हे देवि! हे प्रिये! तिम्रो कलिलो रूप पल्—पल
नेत्रका सामुमा मेरो झलका दिन्छ झल्झल ।। २०।।

सावित्री—महिमा – (९)

सोधे नारदले कुनै बखतमा * सावित्रि को हुन्? भनी
श्री नारायण भन्नुहुन्छ क्रमले * संक्षेपमा त्यो पनि।

राजा अश्वपती थिए अघि कुनै * दानी प्रतापी अति
पत्नी भूपतिकी थिइन् शशिमुखी * साध्वी सती मालती।। १।।
धेरै यत्न गरे र सन्तति कुनै * पैदा भएनन् जब
शिक्षा पाइ वसिष्ठको तप गरिन् * सावित्रिको नै तब।
निक्कै वर्ष बिते, मिलेन तपको * उन्लाइ केही फल
फर्किन् ती घरमा निराश मनले * साह्रै बनी दुर्बल।। २।।
रानीको गति देखि विज्ञ नृपले * चिन्ता गरी बेसरी
राजी पारि भने घरैँ बस, अनी * आफू अगाडी सरी।
उन्ले पुष्कर तीर्थमा तप गरे * रोकेर डुल्ने मन
सावित्री जननी; भनी अडिरहे * बाँधेर पद्मासन।। ३।।
उन्लाई सय वर्षमा हुन गयो * आकाशवाणी अनि
गायत्री दश लाख जप्नु तिमिले * मिल्नेछ सिद्धी भनी।
आए त्यै स्थलमा पराशर मुनी * डुल्दै र कोही दिन
गायत्री–जपको विधान श्रुतिको * सारा गरे वर्णन।। ४।।
एकैपल्ट जपेर एक दिनको * नाशिन्छ पापादि र
जप्तामा दशपल्ट रात्रि–दिनको * दुष्कर्म निखन्छ र।
जप्ता जो सयपल्ट एक महिना * बन्नेछ निष्पाप त्यो
जप्ता एक हजार वर्ष दिनहूँ * टिक्तैन दुष्कर्म त्यो।। ५।।
गायत्री–जप एक लाख क्रमले * जो जप्छ श्रद्धा गरी
जप्तामा दश लाख सात जुनिका * दुष्कर्म जान्छन् टरी।
माला होस् तुलसी, सफा स्फटिकको * रुद्राक्षको उत्तम
मालाकै सँगमा पखाल्नु मनको * कालो अँध्यारो तम।। ६।।
औँला तर्जनिले नसार्नु कहिल्यै * माला गुणी व्यक्तिले
सिद्धि प्राप्त हुनेछ निश्चय छ यो * हे भूप ! विश्वासले।

हुन्छिन् भूमि पवित्र विज्ञ द्विजले * टेकीदिए तापनि
गायत्री जननी त्रिलोक–भरिकी * हुन् सिद्धिदात्री तिनी।। ७।।
गायत्री दश लाख शुद्ध मनले * जप्तै रहू भूपति !
श्रद्धा भक्ति बनाइराख्नु मनमा * बिग्रन्न तिम्रो मति।
शिक्षा अर्ति दिई पराशर हिंडे * राजा खुशी भैकन
गायत्री जप–तर्फ वेद–विधिले * राम्रो लगाए मन।। ८।।
पारी त्यो जप पूर्ण अश्वपतिले * पूजा गरे शक्तिको
देवीले दिइ दिव्य दर्शन भनिन् * हर्षित् हुँदै बात यो।
छोरी एक म झैँ र पुत्र सुगुणी * इच्छा गरेछौ तर
तिम्रा पूर्ण हुनन् मनोरथ छिटै * मैले दिएँ ल्यौ वर।।९।।
अन्तर्धान भइन् त्यहीँ भगवती * फर्के छिटै भूपति
रानीलाइ भने यथार्थ सब त्यो * आनन्द मान्दै अति।
रानी गर्भवती भइन् समयमै * श्री देविकै अंशले
कन्या उत्तम जन्मिइन् गुणवती * सावित्रिको नामले।। १०।।
छोरी ती शशि झैँ बढेर तरुणी * राम्री भईथिन् जब
कन्याको म विवाह गर्दछु भनी * चर्चा चलाए तब।
भागे, राज्य लिए ति शत्रुहरुले * राजा द्युमत्सेनको
बस्थे जङ्गलमा ति आश्रमविषे * भोगेर सन्ताप त्यो।। ११।।
तिन्का पुत्र थिए सुशील र गुणी * जो सत्यवान् नामका
राम्रो शील स्वभावले प्रिय थिए * माता–पिता अन्धका।
सावित्री वनमा लिएर सँगिनी * डुल्दै थिइन् क्वै दिन
देख्दा ती नृप–पुत्रलाइ मनले * तिन्ले वरिन् मन्मन।। १२।।
ज्ञानी नारदले बुझे सब कुरा * सावित्रिका चित्तको
छन् अल्पायु भनी अनेक् किसिमका * अर्ती दिए छाड्नको।

मानीनन् हठमा रहिन् दृढ, अनी * मर्छन् फलानो दिन
यस्तो बात भनेर नारद फिरे * दुःखी तुल्याईकन।। १३।।
कन्याको बुझि भावना नृपतिले * डाकेर सोची हित
राम्रो साइतमा बिहे गरिदिए * ती सत्यवानैसित।
सावित्री कुटिमा बसेर दिनहूँ * गर्थिन् सबै चाकरी
सम्झी नारदको कुरा मनमनै * बस्थिन् ति चिन्ता गरी।। १४।।
आएथ्यो क्रमले बिती खुरु—खुरू * त्यो मृत्युको दुर्दिन
साथैमा वनमा गइन् पति—सँगै * केही नबोलीकन।
पौँची ती वनमा समस्त समिधा * खोजेर जम्मा गरे
ऐय्या, लौन दुख्यो भनी उहिँ ढली * ती सत्यवान्‌जी मरे।। १५।।
उन्को सूक्ष्म शरीर बाँधि यमले * लैजान लागे जब
सावित्री यमराजका पछि गइन् * सन्ताप त्यागी सब।
देखेथे यमराजले पर पुगीं * सावित्रिलाई जब
आएकी म सँगै वृथा किन शुभे ! * फर्केर जाऊ अब।। १६।।
आज्ञा ती यमराजको यति सुनी * गर्दै अनेकौँ स्तुति
सोधिन् धर्म र कर्मको विषयमा * शङ्का भएको जति।
जस्तो प्रश्न गरिन् यथाक्रम सबै * पैह्ले दिई उत्तर
आज्ञा भो यमराजले अब सती * फर्केर जाऊ घर।। १७।।
सावित्री अति दीन हीन स्वरले * बोलिन् गरी आदर
स्वामी छाडि यहीँ, म जाउँ कसरी * फर्केर एक्ली घर।
केही दुःख मलाइ छैन यमजी ! * जान्छू म साथै अब
सुन्छू धर्म र पाप—पुण्यहरुको * शिक्षा दिनूहोस् सब।। १८।।
त्यो बिन्ती यमराजले सुनिसकी * आश्चर्य लागे पनि
व्याख्या धर्म र पापको गरिदिए * हो मान्नुपर्ने भनी।

तिन्को सत्य प्रभाव जानि यमले * आज्ञा दिए सुन्दर
इच्छा जे मनमा छ माँग खुशिले * दिन्छू म ऐहे वर।। १९।।
सावित्री यमराजको सुनि कुरा * अत्यन्त हर्षित् भइन्
अन्धा छन् ससुरा दुवै नयनले * ती देख्न सक्ने हउन्।
फिर्ता राज्य मिलोस् गए–जति सबै, * वैरी भएका हटून्
दीर्घायू परिवारका सब जना * धर्मी, निरोगी बनून्।। २०।।
छोरा हुन् सय नै पिताकन, गरून् * पापी जतीको क्षय
छोरा लौ दश वर्ष–अन्तर गरी * होऊन् ति मेरा सय।
माँगिन् जे उनिले तुरुन्त यमले * सारा दिएथे वर
स्वामी सुम्पिदिई बिदा गरि भने * फर्केर जाऊ घर।। २१।।
अन्तर्धान भई गए यम जसै * फर्किन् ति साध्वी पनि
आई जङ्गलमा पतीकन भनिन् * लौ जाउँ घर्मा भनी।
सारा बात भनिन् सुनेर ससुरा * आनन्द मान्दा भए
उन्का नेत्र दुवै खुले र अघिको * साम्राज्य फिर्ता लिए।। २२।।
छोरा ती नृपका भए सय जना * ज्ञानी गुणी सज्जन
सावित्री सुमुखी भनी स्तुति गरे * सन्तोष मानीकन।
शक्तीकै शुभ अंश हुन् भगवती * सावित्रि देवी पनि
मैले जो महिमा भनेँ सब बुझे * संक्षेप हो यो भनी।। २३।।

सावित्री – स्तुति – (१०)

मूल–प्रकृति हे देवी ! सच्चिदानन्दरूपिणी
विशेषले द्विजातीकी मुख्य छौ जननी तिमी।
भुक्ति–मुक्ति दिने माता ! सर्व–पाप–विनाशिनी
जय शक्ति महादेवी ! सर्वमङ्गल–कारिणी ।। १ ।।

मानिएकी सबैले छौ, जगद्—व्यापक—रूपिणी
मन्त्ररूपा महामाये ! साक्षिरूपा पनी तिमी ।
नमो—नमो जगन्माता ! सावित्री बह्मरूपिणी
भक्तमाथि कृपा गर्ने, दयालू दिव्य—रूपिणी ।। २।।
सावित्री जननी ! तिम्रो गर्छन् जो भक्तिले स्तुति
तिन्को कल्याण गरिल्यौ दयालू मनकी सती ।
उद्धार गर लौ आफ्ना भक्तको खूशि भैकन
रक्षा गर सदा देवी ! तिमीलाई नमो नमः ।। ३।।

महालक्ष्मी – आख्यान– (११)

श्रीनारायण भन्नुहुन्छ सुन लौ * लक्ष्मी—कथा हे मुने !
सुन्दा श्रेष्ठ, सुनाउँदा पनि सदा * शान्ती र मुक्ती दिने ।
नारी एक भइन् अघी प्रभुजिकी * वामाङ्गदेखिन्, अनि
तिन्को रूप दुई भयो, उहिँ थिए * ती एक—रूपा पनि ।। १ ।।
सामुन्ने प्रभुका तुरुन्त उभिए * लक्ष्मी र राधा जब
नारी ती दुइ नै पती वरिलिने * ठान्थे उनै माधव ।
मन्को भाव बुझे तुरुन्त मनको * ज्ञाता स्वयम् नै थिए
राधाका पति कृष्णजी द्विभुज भै * स्वीकार गर्दा भए।। २।।
अर्का विष्णु चतुर्भुजी बनि बसे * रक्षार्थ लक्ष्मी—पति
तिन्को शासन शक्तिकै खटनले * चल्थ्यो नपारी खती ।
दुर्वासाकन लक्ष्मिले जब दिइन् * माला नमाँगीकन
मागेथे जब इन्द्रले र मुनिले * सुम्पीदिए त्यै क्षण।। ३।।
माला राखि गजेन्द्रमा सुरपती * सानन्द डुल्दै थिए
त्यस्को त्यै अपमानले च्युत भई * देवेन्द्र गिर्दा भए ।

सत्ता नष्ट भयो, सबै सुरहरू * दु:खी भएथे जब
बस्थे दानव स्वर्गमा, सुरहरू * भागी लुकेथे सब।। ४।।
माला त्यै तब पूज्य भो पछि मिल्यो * संसारमा आदर
हात्तीको शिर त्यो पछी गणपती– * को माथ भो सुन्दर।
आफैँ इन्द्र भएर स्वर्ग पुरिमा * गर्थे बली शासन
धेरै वर्ष लुके सबै सुरहरू * साह्रै दुखी भैकन।। ५।।
आफ्नू कष्ट भने गुरूसित सबै * ती देवताले जब
ब्रह्मालाइ गई निवेदन गरे * जुन् कष्ट हो त्यो सब।
द्यौतालाइ लिई पुगे विधि स्वयम् * तत्काल वैकुण्ठमा
आफ्नू दु:ख भने विनम्र स्वरमा * ढोगी दुवै पाउमा।। ६।।
सारा बात सुनीसकेर मनमा * गर्दै स्वयम् चिन्तन
आज्ञा गर्नुभयो म भन्दछु सबै * यस्मा छ जुन् कारण।
शेखीको फल हो बुझेँ हुन, गयौ * दु:खी घमण्डी हुँदा
चन्ल्नूपर्दछ व्यक्तिले नियममा * आफ्नू रही, सर्वदा।। ७।।
गर्नूपर्छ समुद्र मन्थन गई * हामी सबैले अब
द्यौता दानव छौँ जती अब उहीँ * एकत्र होऔँ सब।
गर्नेछू म सहायता हिँड भनी * श्री विष्णु साथै गई
राखे उत्तम मन्दराचल लगी * तत्काल हर्षित् भई।। ८।।
नेती वासुकिको, मधानि गिरिको, * क्वैला गुरू–शुक्रको
पारी दानव देवता मिलि मथे * पुग्नेछ इच्छा निको।
हात्ती–अश्व सुरत्न उत्तम, पछी * धन्वन्तरी निस्किए
ठूलो अमृतको लिई कलश त्यो * देखेर खूशी भए।। ९।।
निस्क्यो चक्र जसै सुदर्शन लिए * सल्लाहले विष्णुले
हात्ती अश्व सुरेन्द्रलाइ खुशिले * लेऊ भनी सुम्पिए।

लक्ष्मी काञ्चनको लिएर करमा * माला लिई निस्किइन्
पैह्राईकन विष्णुलाइ खुशिले * तत्काल स्वामी वरिन्॥१०॥
लिन्छौँ अमृतको घडा अब भनी * थाले कचिङ्गल् जब
छल्नूभो बनि मोहिनी, अनि भए * क्रोधित् सबै दानव।
लक्ष्मीको छलले सबै सुरहरू * ती शक्तिशाली भए
धेरै मर्न गएर दानव, कती * बाँचेर भागीगए॥ ११॥
लक्ष्मीरूप समुद्रमा, अनि महा– * लक्ष्मी ति वैकुण्ठमा
मान्दै छन् सब राज्यलक्ष्मि जनले * आनन्दले स्वर्गमा।
लक्ष्मी रूप लिएर भूपतिकहाँ * बस्ने तिमी नै सदा
पृथ्वीमा तिमि धान्य–रूप कहिने * देवी सदा सर्वदा॥ १२॥
गर्दै छौँ जननी ! प्रणाम पदमा, * आएर रक्षा गर
हामीलाइ दिनोस् प्रसन्न मनले * कल्याण गर्ने वर।
लक्ष्मी तुष्ट भइन्, सुनेर स्तुति त्यो * द्यौताहरूको जब
पैह्ले झैँ निज स्थान सादर दिइन् * नाना थरी वैभव॥ १३॥

स्वाहा–स्वधा र दक्षिणाको प्रार्थना – (१२)

श्री नारायणले बताउनुभयो * पुग्ने सबै कामना
शक्तीकै सब अंश हुन् मुनि सबै * स्वाहा, स्वधा, दक्षिणा।
सारा पितृ र देवता अघि भए * उत्पन्न त्रैलोक्यमा
ब्रह्माको नगिचै कुनै दिन पुगे * दुःखी भई चित्तमा॥ १॥
दिन्छन् सादर हव्य–कव्य जन जो * श्राद्धादि वा यज्ञमा
केही प्राप्त हुँदैन हामिकन त्यो * निक्कै पर्‍यौँ तापमा।
भोका छौँ सब, भाग उत्तम मिलोस् * हौँ तृप्त हामी सब
त्यस्तो बिन्ति सुनी स्वयं त्यहिं भयो * आकाशवाणी तब॥ २॥

'स्वाहा' अग्निविषे मिलेर रहने * हुन् अंश मेरै तिनी
द्यौता तृप्त हुनन् मिलेर हवि त्यो * यज्ञाग्निमा नै अनि ।
हुन्नन् मन्त्र कदापि सिद्ध कहिल्यै * स्वाहा-विना क्वै पनि
गर्दा ध्यान र पाठ पूजन सदा * आशीष दिन्छिन् उनी।। ३।।
मेरै अंश स्वधा–स्वरूप पितृको * गर्ने सधैं मंगल
गर्दा तर्पण श्राद्ध शुद्ध मनले * मिल्नेछ ठूलो बल ।
गर्नू सादर पितृ–कार्य सुरहरू * पढ्दै स्वधा मन्त्रले
पाई आशिष पितृको सुरहरू * बस्नन् ति आनन्दले।। ४।।
जो छन् उत्तम यज्ञमूर्ति कहिने * वैकुण्ठमा श्रीहरि
मेरै अंश ति 'दक्षिणा' भनि बुझे * पत्नी भनी सुन्दरी ।
गर्छन् दान र दक्षिणा नगरि क्यै * यज्ञादि औ पूजन
सारा निष्फल हुन्छ कर्महरु त्यो * भन्छन् गुणी सज्जन।। ५।।
मेरै अंश भनेर जान सुर हो ! * स्वाहा-स्वधा-दक्षिणा
होलान् पूर्ण सबै मनोरथ, गरे * सानन्द आराधना ।
सोही कारण देव–पितृगणको * सत्कार्य गर्दै गरे
कैह्ले कष्ट हुँदैन पुत्र धनको * मिल्नेछ मुक्ती भरे।। ६।।

चण्डी, षष्ठी, राधा, सुरभी र मनसा देवीको प्रार्थना – (१३)

श्री नारायण भन्नहुन्छ खुशिले * देवर्षिलाई कथा
*देवीकै शुभ अंश जान यि मुने * हर्ने सबैको व्यथा ।*
षष्ठी उत्तम चण्डिका र सुरभी * देवी र राधा सती
गर्छन् पूजन देवता ति मनमा * मन्दी भए खुशी ती।। १।।
पाए पुत्र अघी प्रियव्रतजिले * ठूलो तपस्या गरी
तिन्को पुत्र मरीगयो शिशु छँदै * चिन्तित् भए बेसरी ।

त्याग्छू देह भनेर उद्यत भए * सत्पुत्रको शोकमा
तिन्लाई सहसा पुगेर विधिले * रोके धरी हातमा।। २।।
ब्रह्मा खूशि भई पठाउनुभयो * श्री षष्ठिकाजीकन
उन्ले त्यै शिशुलाइ उत्तम दिइन् * लामो सुखी जीवन।
पूजा हुन्छ ति षष्ठिका जननिको * पुत्रादिको जन्ममा
गर्दै छन् अझसम्म पूजन सबै * चल्दै छ संसारमा।। ३।।
पैह्लेको युगमा भयो त्रिपुर जुन् * योद्धा ठुलो दानव
त्यस्ले कष्ट दियो र आत्तिन गए * एकेक द्यौता सब।
मार्ने यो खललाइ के गरि भनी * चिन्तित् भएथे शिव
शक्ती नष्ट भयो, हुती सब गयो * झन् आत्तिएथे तब।। ४।।
ब्रह्मा–विष्णु दुवै गईकन भने * सुन्नूहवस् हे शिव !
गर्नोस् मङ्गलचण्डिका जननिको * आराधना क्यै अब।
पूजा, स्तोत्र र मन्त्र आदि विधिले * सन्तोष मानी अति
गर्नूभो शिवले विनम्र स्वरमा * श्री चण्डिकाको स्तुति।। ५।।
साह्रै उग्र भएर दानव बढ्यो * त्यस्लाइ मार्ने वर
पाऊँ हे जननी ! म छू शरणमा * कल्याण चाँडो गर।
गर्ला मङ्गल–चण्डिका जननिको * जो–जो स्तुती सादर
त्यस्का पूर्ण हुनन् मनोरथ अनी * बन्नेछ ठूलो नर।। ६।।
शक्तीकै शुभ–अंश हुन् ति सुरभी * पूज्या तिनै लोकमा
पूजा भक्ति गरे मनोरथ सबै * दिन्छिन् बसी स्वर्गमा।
गाई छन् जति पृथ्विमा सुरभिकै * हुन् वंश ती उत्तम
गर्ला चाकरि जो उनै सुरभिको * टिक्तैन त्यस्को तम।। ७।।
देवीकै शुभ अंश हौ भगवती * दानी दयालू अनि
गर्छन् पूजन चाकरी दिन–दिनै * श्री कृष्ण आफै पनि।

आयो सङ्कट दूधको जब, गरे * देवेन्द्रले यो स्तुति
तिम्रो हे जननी ! सुरम्य पदमा * गर्छू म धेरै नुति।। ८।।

देवेन्द्रले स्तुति गरे पदमा नुहेर
अल्पिन् दिई वर स्व–इच्छित उत्निखेर।
इच्छित् मिल्यो वर जसै ति सुरेन्द्रलाई
फर्के तुरुन्त तिनि स्वर्गपुरी रमाई।। ९।।

फेरी कुनै दिन बढी विष नागको त्यो
हा हा परी दुखि भए जन, देखि त्यस्तो।
ब्रह्मा पुगेर सब कश्यपमा बताए
बार्ता सुनेर मुनिले मन झन् दुखाए।। १०।।

कन्या एक भइन् उनैकि 'मनसा' * श्री शक्तिकै अंशले
उन्ले नै सब नागको विष हरिन् * आफ्नू ठुलो शक्तिले।
धेरै नाग मरे, सबै सुजनको * त्यो कष्ट जाँदो भयो
पृथ्वीमा 'मनसा' त्रिलोक जननी– * को कीर्ति झन् फैलियो।।११।।

तिन्कै अंश–स्वरूप आस्तिक मुनी * क्यै कालमा जन्मिए
राजाको पुगि यज्ञमा अति ठुलो * संहार रोकीदिए।
झार्छन् झार–फुके पढी मनमनै * ती देविकै मन्त्रले
त्यस्ले नष्ट हुनेछ सर्प–विष त्यो * ती देविकै शक्तिले।।१२।।

जुन् गोलोक–निवासिनी जननि हुन् * राधा दया रूपिणी
इन्द्रादी सब पर्दछन् शरणमा * कल्याण गर्छिन् भनी।
हे राधे ! तिमि कृष्णकी प्रियतमा * सन्तोष–दात्री पनि
गर्दै छू म प्रणाम न्यूरि पदमा * कल्याण होला भनी।।१३।।

राधाको नगरेर पूजन अघी * गोविन्दको गर्छ जो
त्यस्को पूर्ण हुँदैन कार्यहरु जे * गर्दै रहोस् देविको।

जो छन् आठ प्रधान शक्ति सबमा * हुन् श्रेष्ठ राधा सती
इच्छा पूर्ण हुनेछ पूजन गरे * तिन्को खुशी भै अति॥१४॥
दुर्गा लक्ष्मि सरस्वती भगवती * नारायणी शङ्करी
देवी मङ्गल–चण्डिका र मनसा * श्री शक्ति माहेश्वरी।
राधा हुन् तुलसी अनेक अरु छन् * शक्तिस्वरूपा जति
गर्दै छू पदमा प्रणाम सबको * न्यूरेर धेरै नति॥१५॥

॥ इति श्रीमद्देवीभागवत नवम स्कन्ध समाप्त ॥

•

श्रीमद्देवीभागवत दशम स्कन्ध प्रारम्भ

विन्ध्याचलको आख्यान – (१)

भन्थे व्यास कथा प्रसन्न मनले * सुन्थे ति जन्मेजय
देवीको गर भक्ति पूजन अनी * जाला सबै शंसय ।
श्रीनारायणलाइ नम्र स्वरमा * सोधे ति देवर्षिले
आज्ञा गर्नुभयो म भन्दछु सबै * एकेक विस्तारले ।। १ ।।
ब्रह्माका सुत जो भए मनु अघी * प्रख्यात स्वायंभुव
उन्लाई तप गर्नका विधिहरू * सम्झाउनूभो सब ।
उन्ले झट्ट गएर सिन्धु–तटमा * बाँधेर पद्मासन
प्राणायाम गरी, ठुलो दुख सही * आफ्ना बिताए दिन ।। २ ।।
पूजा ध्यान प्रणाम विज्ञ मनुले * जप्तै रहे मन्त्र त्यो
पानी घाम अनेक दुःख तनमा * क्यै वर्ष खप्नूपर्‍यो ।
धेरै काल बसी, त्यहीँ तप गरे * भक्ती बढाई अति
शक्तीको पछि नम्र भैकन गरे * आनन्द मान्दै स्तुति ।। ३ ।।
हे दुर्गे ! जति छन् ठुला सुरहरू * ब्रह्मा र विष्णू, शिव
गर्छन् कार्य हजूरकै खटनमा * मानेर आज्ञा सब ।
रक्षा, पालन यो त्रिलोक–भरिको * गर्दै रही मङ्गल
जस्को कीर्ति ठुलो छ चन्द्र सरिको * पारीदिने उज्ज्वल ।। ४ ।।

ब्रह्मा सिर्जन गर्दछन् खटनमा * तिम्रो रही ईश्वरी !
गर्छन् पालन विष्णुले रुजु रही * संसार रक्षा गरी।
गर्छन् नाश समस्त विश्व क्षणमै * रुद्र–स्वरूपी शिव
कोही छैन स्वतन्त्र विश्व–भरिमा * ती देवता मानव।। ५।।
गर्छन् शासन स्वर्गको सुरपती * आनन्द मानीकन
आज्ञाले गरि शक्तिकै थरि–थरी * छन् भोगका साधन।
पापीलाइ रिसाइ दण्ड यमले * दिन्छन् सदा नर्कमा
भोग्छन् ती निज–कर्मका फलहरू * पुग्छन् जती स्वर्गमा।। ६।।
साक्षात् शेष कुबेर सूर्य–शशि जो * प्रत्येक दिक्पाल छन्
आज्ञा मानि हजूरकै खटनमा * सानन्द ती चल्दछन्।
पूजा ध्यान र मन्त्रमा हजुरको * जस्ले लगायो मन
उस्का पूर्ण हुनन् मनोरथहरू * बन्नन् ठुला सज्जन।। ७।।
हे देवी ! अहिले म छू शरणमा * दु:खी छ साह्रै मन
मेरो बिन्ति सुनी दया गरि छिटै * पाऊँ शिव ! दर्शन।
बिन्ती गर्छु झुकी परी चरणमा * आफ्नू झुकाई शिर
आफ्नू दास बुझी क्षमा गरि छिटै * आई सुरक्षा गर।। ८।।
शक्तीको स्तुति यो गरे ति मनुले * धेरै पुकारी जब
बोलिन् झट्ट स्वयम् उपस्थित भई * शक्तिस्वरूपा तब।
तिम्रो भक्ति र भावना बुझिसकें * दिन्छू म इच्छित् वर
होलान् पुत्रहरू, अकण्टक सदा * साम्राज्य होला स्थिर।। ९।।
तिम्रो वंश बढाउनन् पछि सबै * फैलिन्छ कीर्ती अनि
इच्छा पूर्ण हुने सुआशिष दिएँ * मैले दयालू बनी।
उन्लाई वरदान् दिएर जननी * तत्काल नै अल्पिइन्
देवी शक्ति–स्वरूप विन्ध्यगिरिमा * पैँचेर बस्ती भइन्।। १०।।

गर्छन् जो बलिदान शास्त्र–विधिले * पैह्ले गरी पूजन
तिन्का पूर्ण हुनन् मनोरथ सबै * कीर्ती फिजाईकन।
मान्दै छन् अझ विन्ध्यवासिनि यिनै * बैह्नी हरीकी भनी
जान्छन् दर्शन गर्न भक्त वरदान् * दिन्छिन् दयालू बनी॥ ११॥
जो विन्ध्याचलमा प्रसन्न मनले * बस्छिन् जगत्–तारिणी
त्यस्को एक प्रसङ्ग भन्छु अघिको * सुन्दै रहू हे मुनि!
रोकेथे रथ सूर्यको ति गिरिले * शेखी गरी क्वै दिन
आज्ञाले गुरुको अझै पनि तिनी * छन् वाध्य नै न्यूरन॥ १२॥
छन् वृक्षादि अनेक जङ्गल–भरी * साना ठुला सुन्दर
छाँगाबाट सुरम्य बग्छ छहरा * शोभा छ चारैतिर।
पोथ्रा झार लता प्रशस्त फुलका * झुल्छन् शिशू झैं तिनी
घौता किन्नर यक्ष नागहरु ती * डुल्छन् तपस्वी बनी॥ १३॥
धेरै हिंस्रक जन्तु छन् वनभरी * डुल्ने अनेकौं थरी
गर्दैनन् ति प्रहार, शान्त मनका * छन् विन्ध्यमा बेसरी।
बोल्ने वृक्षविषे चराहरु बसी * मैना, सुगा, धोबिनी
बोल्ने भक्त भएर कोकिलहरू * को हो? र को हो? भनी॥ १४॥
डुल्दै त्यो गिरिमा कुनै दिन पुगे * देवर्षि आनन्दले
भेटी नारदलाइ श्रेष्ठ गिरिले * राखे ठुलो हर्षले।
तिन्लाई गिरिले प्रसन्न मनले * गर्दा भए पूजन
सोधे पाउ परी बताउनुहओस् * दर्शन् दिने कारण॥ १५॥
साह्रै खूशि भएँ म, दर्शन मिल्यो * सौभाग्यले नाथको
आत्मा–साथ भयो पवित्र सब यो * पाऊ परी हे गुरो!
ज्ञानी नारद भन्दछन् ति गिरिले * त्यस्तो भनेको सुनी
डुल्दै श्रेष्ठ सुमेरुबाट म यता * आईरहेछू भनी॥ १६॥

देख्दा दिव्य छटा सुमेरु गिरिको * चौतर्फमा सुन्दर
त्यस्मा जुन् स्थल लोकपालहरुको * छन् श्रेष्ठ चारैतिर।
तिन्को सूर्य–शशी प्रदक्षिण सधैँ * गर्छन् ति तारागण
केही खिन्न भयो प्रताप गिरिको * देखेर मेरो मन॥ १७॥
गर्छन् शेखि हिमाल श्रेष्ठ ससुरा * मै शम्भुको हू भनी
गर्छन् पार्वतिका पिता भनि सबै * सम्मान सानो बनी।
त्यो कैलास ठुलो छ, छन् शिव सधैँ * बस्नै हुनाले जहाँ
अर्को पर्वत गन्धमादन ठुला * छन् नीलपर्वत् त्यहाँ॥१८॥
देखेँ शेखि ठुलो सुमेरु गिरिको * आश्चर्य मानैँ अति
निक्कै कष्ट भयो मलाइ मनमा * देखेर तिम्रो हुति।
ठूला छौ सबमा तथापि यसरी * निर्धा तिमी छौ किन?
बाँच्नूपर्छ सदैव श्रेष्ठ जनले * कीर्ती फिजाईकन॥१९॥
चासो छैन मलाइ यो विषयमा * चर्चा लिने तैपनि
सम्झाएँ तिमिलाइ प्रेम–वश भै * ठूला हुनेछौ भनी।
ज्ञानी नारदजी हिँडे खुरुखुरू * आगो लगाई जब
लागे विन्ध्य गिरी विचार्न कसरी * ठूलो म हुन्छू अब॥ २०॥
मान्छन् सूर्य शशी घुमेर दिनहूँ * ठूलो सुमेरूकन
छेक्छू ज्योति म सूर्यको अनि सबै * थाल्नन् दुखी भै रुन।
शेखी गर्छ सुमेरु व्यर्थ, म पनी * बन्नेछु ठूलो अब
त्यस्को शेखि उतार्दछू अनि ठुलो * मानीलिनेछन् सब॥ २१॥

तत्काल विन्ध्य–गिरिले बुतै रिसाई
ती टाकुरा वरिपरी सजै उठाई।
छेके समस्त पृथिवी नभ्लाइ तिन्ले
बाटाहरू सकल बन्द भए क्रमैले॥ २२॥

श्री सूर्यको उदय भो सहसा बिहान
बाटो मिलेन *दिनहूँ सरि तेज जान ।
के भो भनी सकल देव विचार्न थाले
आश्चर्य भै अनि यता–उति हेर्न थाले ।। २३।।
सारा उठे जनहरू बुझि प्रातकाल
देखिन्नथ्यो छवि परे सब ती निहाल ।
जानिन्न केहि महिमास्थिति कालको यो
झन् अन्धकार छ सबैतिर के भयो यो ।। २४।।
कैह्ले समाप्त नहुने किन रात्रि भो यो
ढीलो भयो किन उदाउन सूर्यको यो ।
पूजा र स्नान जप पाठ ति देवताको
स्वाहा स्वधा पनि हुँदैन अनर्थ भो यो ।। २५।।
के गर्दछन् प्रभु कहाँ कहिले भनेर
जानिन्न, तर्क यसरी सबले गरेर ।
त्यस्तै बिते दिनहरू दुखमै अनेक
ती आर्त्तिए जनहरू हुनगै उदेक ।। २६।।
जम्मा भए सुरहरू सब एक–साथ
ढोगे गई विधिकहाँ निहुराइ माथ ।
तिन्का कुरा सब सुनी लिइ साथमाहाँ
पौंचे सदाशिव थिए खुशिसाथ जाहाँ ।। २७।।
जोरेर हात सहसा निहुराइ माथ
पाऊ परी स्तुति गरे अति भक्तिसाथ ।
हे नाथ, शङ्कर, प्रभो, करुणावतार
गर्छन् सदा भजन भक्त बनी उदार ।। २८।।

जे माँग्दछन् वर उही दिइ तुष्ट पार्ने
संसार–सिन्धु प्रभु छौ सहजै उतार्ने ।
हामीहरू चरणमा निहुराइ माथ
गर्छौं प्रणाम पदमा, हुनगै अनाथ ।। २९ ।।
साँढे चढी, गण लिई सँगमा अनेक
डुल्ने चतुर्दिक सदा प्रभु देव एक ।
माला र खप्पर मशान छ वास नित्य
ठान्ने सदा विषयका सुख यी अनित्य ।। ३० ।।
गर्छौं चरित्र कति, के र कहाँ भनेर
जान्दैन कोहि पनि अल्मलमा परेर ।
शम्भो ! परी चरणमा झुकि बार–बार
गर्छौं प्रणाम अब कष्ट छिटै उतार ।। ३१ ।।

द्यौताको स्तुतिले प्रसन्न हुनुभो * कैलास–वासी शिव
जे इच्छा मनमा छ त्यो भन छिटै * गर्नेछु पूरा सब ।
सारा देव मिली भने विनयले * सङ्कष्ट आईपर्‍यो
ऐह्ले शेखि गरेर विन्ध्यगिरिले * हाहा गराईदियो ।। ३२ ।।
दु:खी मानिस देवता सब भयौं * आत्तिन्छ साह्रै मन
बेला यत्ति भयो भनेर अहिले * जानिन्न त्यै कारण ।
हाम्रो कष्ट हटाउने गरिदिनोस् * क्यै यत्न चाँडो शिव !
ऐह्ले कष्ट परी अनाथ सरि छौं * द्यौता तथा मानव ।। ३३ ।।
भन्नूभो शिवले बुझें, तर निकै * गाह्रो छ त्यै कारण
जाऔं हामि सबै मिलीकन जहाँ * छन् श्रेष्ठ नारायण ।
यो आज्ञा शिवको सुनी सुरहरू * आनन्दका साथमा
त्यो वैकुण्ठ पुगी गरे स्तुति झुकी * श्री विष्णुका पाउमा ।। ३४ ।।

हे नारायण ! हे प्रभो, यदुपते ! * हे नाथ ! दामोदर !
आयो एक विपत्ति यो बखतमा * तत्काल रक्षा गर ।
बाटो छेकिइ सूर्यको सब दिशा * निस्पट्ट ऐह्रे भयो
रक्षा गर्नुहवस् वराह भगवान् * यज्ञ-स्वरूपी विभो।। ३५।।
सक्छौ गर्न र गर्दछौ पनि तिमी * सृष्टि स्थिती पालन
रक्षा गर्न अनेक रूप सहजै * गर्छौ तिमी धारण।
धारी मत्स्य–स्वरूप वेद मनुको * रक्षा पहीले गरी
राख्यौ पीठविषे बनेर कछुआ * आफैँ सुमेरू गिरि।। ३६।।
पृथ्वी ल्याइदियौ वराह भइ जुन् * मारी हिरण्याक्ष त्यो
अर्को रूप नृ–सिंह धारण गऱ्यौ * रक्षार्थ प्रह्लादको ।
पाऱ्यौ दुर्गति खूब भक्त बलिको * आफू बनी वामन
सारा क्षत्रिय पर्शुराम–रुपले * काट्यौ सबै दुर्जन ।। ३७।।
माऱ्यौ रूप धरेर राम सहजै * लङ्का गई रावण
पृथ्वीको सब भार कृष्ण–रुपले * टाऱ्यौ विचारीकन ।
शिक्षा बुद्ध–स्वरूप धारण गरी * ठूलो फिँजाईलियौ
हिंसा गर्नु हुँदैन कोहि जनले * भन्ने बुझाईदियौ ।। ३८।।
धार्नेछौ अवतार घोर कलिमा * प्रत्यक्ष कल्की जब
मार्ने खड्ग लिएर दुष्ट, भवका * जो छन् छुचा मानव ।
हे गोविन्द अनेक रूप भवमा * धारेर नाना थरि
रक्षक् सज्जनका र दुर्जन जती * संहार गर्ने हरि ।। ३९।।
हे दामोदर ! छौँ दुखी सुरहरू * हाम्रो सुनी प्रार्थना
पूरा गर्नुहवस् यथाक्रम सबै * हाम्रा छिटै कामना ।
व्यर्थै द्रोह गरी सुमेरु गिरिको * शेखी उतार्छू भनी
छेक्यो विन्ध्यगिरी उठेर रविको * त्यो तेज, बाठो बनी।। ४०।।

गर्ने कर्महरू हराइ अहिले * स्वाहा स्वधा रोकिए
ठूलो कष्ट परेर अन्न जलको * बेहाल प्राणी भए।
न्यूरोस् विन्ध्य छिटै र सङ्कट टरोस् * क्यै यत्न गर्नोस् हरि
द्यौता दैत्य मनुष्यको पनि छिटै * जाओस् विपत्ती टरी।। ४१ ।।

बिन्ती सुनेर सुरको बुझि कष्ट तिन्को
भन्नूभयो प्रभुजिले निज बात मन्को।
काशी पुरी–बिच अगस्त्य मुनी रहन्छन्
ज्ञानी दयालु र गुणी सबमा कहिन्छन् ।। ४२।।

तिन्का सफा चरणमा परि बिन्ति गर्नू
सक्छन् ति टार्न सब सङ्कट यो विचार्नू।
आज्ञा सुनेर हरिको मनमा रमाई
काशीपुरी सब पुगे अति हर्ष पाई ।। ४३।।

खोज्दै पुगे सकल आश्रममा मुनीको
बिन्ती गरे चरणमा परि कष्ट जो हो।
तिन्का कुरा सुनिसकी मुनिले रमाई
भन्दा भए हित कुरा सहजै बुझाई ।। ४४।।

तोड्छू घमण्ड गिरिको सुरका निमित्त
जाओ प्रसन्न मनले नदुखाइ चित्त।
देख्यो जसै गुरुजिलाइ त्यहाँ गिरीले
ढोग्यो झुकाइ शिर पाउविषे खुशीले ।। ४५।।

आशीष मङ्गल हुने दिइ विन्ध्यलाई
बोले अगस्त्य मुनिजी मनमा रमाई।
दिन्छू म आशिष तिमी बस हर्ष–साथ
पर्खीरहें मकन लौ निहुराइ माथ ।। ४६।।

यस्तै गरी बसिरहे भनि यो बुझाई
हिड्दा भए मुनि छिटै मनमा रमाई ।
थाल्दा भए तप पुगी मलयागिरीमा
के फिर्दथे बसिरहे खुशिले तपैमा ।। ४७।।
पर्खीरहे गिरि यता गुरु–वाक्य मानी
हिड्दा भए पथ मिली रवि तेज–खानी ।
बाटो खुल्यो अनि मिल्यो झलमल्ल घाम
थाल्दा भए सकलले मिलि नित्य काम ।। ४८।।

मनुहरूको कथा र देवीका अवतार– (२)

सोधे नारदले विनम्र स्वरमा * हे विष्णु ! नारायण
श्रीस्वायम्भुव आदि श्रेष्ठ मनुको * गर्नूहओस् वर्णन ।
जस्ले पाप र ताप नाश्छ तनको * भन्दा र सुन्दा पनि
श्री नारायण भन्नुहुन्छ, मुनिले * बिन्ती गरेको सुनी।। १।।
पैह्ला हुन् मनुमा अघी सुनिसक्यौ * ती श्रेष्ठ स्वायम्भुव
ती स्वरोचिष नामका मनु भए * दोस्रा प्रतापी तब ।
निक्कै विज्ञ थिए सबै मनुहरू * ज्ञानी प्रतापी पनि
यिन्को वर्णन चण्डि पाठ गरदा * मिल्ला भएभर् सुनी।। २।।

भ्रामरी शक्तिको आख्यान–(३)

ज्ञानी नारदले विनम्र स्वरमा * सोधीलिएथे जब
उत्पत्ती हरिले सुनाउनुभयो * श्री भ्रामरीको तब ।
धेरै वर्ष–अगाडि त्यो अरुण जुन् * उत्पन्न भो दानव
त्यस्ले कष्ट दियो अनेक थरिका * पातालमा नै तब।। १।।
ब्रह्माको तप उग्र त्यो अरुणले * गर्दै गयो बेसरी
जे माँग्यो वरदान बक्सनुभयो * ब्रह्माजिले त्यो घरि ।

थर्कायो खलले त्रिलोक–भरिमा * अन्याय धेरै गरी
सारा देव लघारि इन्द्र भइ त्यो * गर्ज्यो निकै बेसरी।। २।।
भागी देवहरू हिमाल गिरिको * त्यो कन्दरामा गए
देवीको स्तुति प्रार्थना सब मिली * रोई गरेका थिए।
हे दुर्गे ! जननी ! शुभे, जयकरी * हौ उग्रतारा पनि
मातङ्गी, त्रिपुरा, त्रिलोक – जननी * कालस्वरूपी अनि।। ३।।

सम्झे मलाइ यदि कष्ट परे कहीले
भन्ने कुरा सकल सम्झिलियौँ अहीले।
गर्नोस् दया अब शिवे ! निज भक्त जानी
मारीदिनोस् असुरलाइ छिटै भवानी।। ४।।
देखिन्छ जे जति यहाँ भवको तमाशा
हुन् नाशिने तरपनी मनमा छ आशा।
गर्नोस् दया हजुरले न त व्यर्थ आज
दुःखी भयौँ अधिक लौ सुरका समाज।। ५।।

साक्षात् सूर्य र चन्द्रमा ग्रहहरू * छौँ देवता जो सब
तिम्रै अंश तथा चराचर पनी * हुन् विश्वका मानव।
आफ्ना भक्तहरू परे शरणमा * भन्ने विचारीकन
रक्षा गर्नुहओस् शिवे ! अब छिटै * पारी दयालू मन।। ६।।

बाह्रौँ सावर्णि हुन्, तेह्रौँ
रुद्रसावर्णि हुन् मनु।
विष्णुसावर्णि चौधौँ हुन्
भ्रामरी शक्तिका तनु।। ७।।

पर्दामा अनिकाल घोर, जनले * रोई पुकारा गरे
पाई साग प्रशस्त भोजन गरी * आनन्दमा ती परे।

तिम्रो कीर्ति ठुलो छ विश्वभरिमा * शाकम्भरी नामले
जान्छन् स्वर्ग जपेर नाम त्यहि नै * अत्यन्त आनन्दले।। ८।।
हाम्रो शक्ति पुगे–जती लडिसक्यौँ * पुग्दैन हाम्रो बल
साह्रै उग्र भएर स्वर्ग पुरिमा * उफ्रन्छ बर्ता खल।
द्यौताको सुनि त्यो पुकार जननी * तत्काल हर्षित् भइन्
सामुन्ने सुरका स्वयम् प्रकट भै * हाँसेर आज्ञा दिइन् ।। ९।।
गायत्री जप गर्छ भक्त पनि हो * त्यो दैत्य त्यै कारण
फर्कोस् त्यो जपबाट युक्ति सजिलो * आफैँ विचारी भन।
यस्को केहि उपाय शीघ्र गरिल्यौ * क्यै युक्ति मैले पनि
मार्ने जुक्ति म गर्दछू भनि बुझे * साँचो भनेको भनी ।।१०।।
अन्तर्धान भइन् त्रिलोक–जननी * यस्तो बुझाई जब
थाले गर्न विचार देवगणले * धेरै थरीका तब।
त्यस्को बुद्धि बिगार्नलाइ गुरुजी– * लाई पठाए अनि
त्यस्का सामु पुगे तुरुन्त गुरुजी * क्यै सिद्धि मिल्ला भनी ।।११।।
क्यै चर्को स्वरमा भन्यो अरुणले * देखी गुरूजीकन
आएका किन शत्रु–पक्ष भइ लौ * चाँडो मलाई भन।
त्यस्को भाव बुझी भने गुरुजिले * नै आउने कारण
देवीकै सब भक्तछौँ किन भयौँ * वैरी तिमी नै भन ।।१२।।
त्यस्तो तर्क सुनेर देव–गुरुको * बर्ता अहङ्कारले
त्याग्यो ध्यान र मन्त्र जप्न सहजै * सारा क्रिया दैत्यले।
फर्केथे गुरुजी, तुरुन्त जननी * निक्कै रिसाइन् यता
जो–जो शक्ति थियो सबै अरुणको * बिर्से समान् भो उता ।।१३।।
गर्छू मङ्गल देवको अब भनी * केही नबोलीकन
उत्पत्ति भ्रमराहरू गरिदिइन् * श्री शक्तिले त्यै क्षण।

गै झम्टे सब दैत्यलाइ–भ्रमरा– * ले लौ रिसाई जब
लागे दानव – सैन्य मर्न सहजै * निःशेष भै ती सब।।१४।।
खाँचो केहि परेन त्यो बखतमा * साना ठुला अस्त्रको
द्यौताका हितका निमित्त हुनगो * संहार त्यो दैत्यको।
तिन्को ज्योति गई मिल्यो शरिरमा * श्री भ्रामरीको जब
देवीको खुशिले गरे स्तुति त्यहीँ * ती देवताले तब ।।१५।।
गर्दामा ध्यान जस्को त्रिभुवन–भरिमा, भक्ति राखेर नित्य
भेट्छन् ऐश्वर्य ठूलो सकल सुजनले छन् उनै शक्ति सत्य ।
आँटेमा दृष्टिले नै त्रिभुवन–भरिको सृष्टि संहार गर्छिन्
त्यस्ती श्रीशक्तिरूपा त्रिभुवन–जननी भक्तिले खूशि हुन्छिन्।। १६।।

योद्धा ठुला मधु र कैटभ वीरलाई
मार्दा भए प्रभुजिले जुन शक्ति पाई।
तिन्लाइ देवगणको छ प्रणाम धेर
रक्षा सदा गरिदिने नगरी अबेर।।१७।।
योद्धा भयो महिष दानव उग्र वीर
त्यस्लाइ मारिदिनुभो रणमा लडेर।
योद्धा भए पछि निशुम्भ र शुम्भ वीर
तिन्लाइ मारिदिनुभो रणमा डटेर।।१८।।
त्यस्ती जगज्जननिको पदमा नुहेर
गर्छौं प्रणाम जननीकन वार–वार।
दुःखी समस्त सुरलाइ बुझेर नित्य
गर्ने दया हजुरमा छ सदैव सत्य।।१९।।

।। इति श्रीमद्‌देवीभागवत दशम स्कन्ध समाप्तः ।।

श्रीमद्देवीभागवत एकादशतम् स्कन्ध प्रारम्भ

सदाचारको शिक्षा – (१)

हे नारायण ! सुन्दछू अब कथा * राम्रो सदाचारको
त्यस्को पालन भक्ति–पूर्वक सदा * गर्छन् गुणी व्यक्ति को ?
देवी खूशि हुने उपाय कसरी * जानिन्छ कुन् युक्तिले
गर्ने ध्यान र प्रार्थना स्तुति पनी * को गर्दछन् भक्तिले।। १।।
श्री नारायणले बताउनुभयो * सुन्दै रहू नारद !
गर्नैपर्दछ धर्म–कर्म जनले * कर्तव्य आफ्नू हित ।
गर्दै छन् जन श्रेष्ठ जानिकन जो * आचारको पालन
शक्तीका प्रिय–भक्त हुन् बुझ मुने ! * सत्पात्र ती ब्राह्मण।। २।।
जो आचार छ नित्य विज्ञ जनले * गर्ने गुणी विप्रले
जे गर्दा हित हुन्छ शान्ति मनमा * सुन्छू म आनन्दले ।
पत्नी, पुत्र र मित्र, बन्धु सब हुन् * थिच्ने कसी बन्धन
गर्दैनन् परमार्थका हित कुरा * कैहै खुशी भैकन।। ३।।
गर्ने मद्दत एक धर्म छ ठुलो * यो देह ढल्दा मुने !
रक्षा गर्नु सदैव धर्म–पथको * यो मोक्ष भेट्टाइने ।
त्यागदा यो तन कष्टको समयमा * गर्ला सुरक्षा भनी
भन्छन् शास्त्र पुराण धर्म गर लौ * रक्षार्थ राम्रो गुनी ।। ४।।

हाम्रो रक्षक धर्म शान्ति सुखको * बाटो छ पारी हुने
हो आचार प्रधान धर्म जनको * कल्याण भेट्टाउने।
मान्नू शूद्र–समान विप्रकन ती * आचार जो त्याग्दछन्
आयू तेज बढाउने, सुख दिने * सद्धर्म नै मान्दछन् ॥ ५॥
प्राणीको शुभ धर्म कर्म जति हो * आचारले बढ्दछ
भोगी भोग यहाँ मरेपछि उहाँ * त्यै धर्मले तार्दछ।
डुब्ने भोगविषे छ जो विषयमा * गार्हस्थ्यमा लोभिने
त्यस्तालाइ पनी उतार्छ सहजै * आचार मान्छन् भने॥ ६॥
जस्ले मान्छ स्वधर्म विज्ञ मनुले * शिक्षा दिएको भनी
त्यस्का पूर्ण हुनन् मनोरथ सबै * आचार थामे पनि।
जस्ले मान्छ स्वधर्मदेखि छ ठुलो * आचार भन्ने कुरा
त्यस्लाई कहिल्यै हुँदैन दुखको * आभास जान्नू पुरा॥ ७॥
छन् आचार अनेक शास्त्र–मतले * साना ठुला लोकमा
त्यस्को पालन गर्नुपर्छ जनले * कर्तव्यको रूपमा।
उल्टो हुन्छ नजाति आचरणले * दुःखी सधैँ मानिस
गर्दा नित्य स्वधर्म पालन सधैँ * बढ्नेछ धेरै यश॥ ८॥
गर्ने धर्म–विहीन कार्य जति छन् * सन्तान वा सम्पति
हिंसा छैन भने स्वधर्म पथले * पार्दैन कैह्लै खति।
बाटा छन् कति धर्मका थरि थरी * शास्त्रादिका भेदले
राम्रो निर्णय गर्नुपर्दछ सदा * जे भन्छ वेदादिले ॥ ९॥
गाऊँ देश र वंशमा अझ बढी * आस्था हुने व्यक्तिले
आफ्नू जो छ स्वधर्म पालन त्यही * गर्नू सदा नीतिले।
शक्तीका दुइ नेत्र हुन् श्रुति स्मृती * आत्मा पुराणादि हुन्
त्यस्ता रक्षक धर्मका पथ सबै * एकेक रक्षक् बनून्॥ १०॥

त्यस्मा केहि विभेद पर्दछ भने * जान्नू ठुलो वेद हो
देखीए श्रुतिमा पनी कहिँ विभेद् * मान्नू दुवै श्रेष्ठ हो।
ठूलो वेद–प्रमाण धर्म – पथमा * चल्ने सबै मान्दछन्
जस्ले वैदिक धर्म त्यागदछ त्यही * पापी भनी ठान्दछन्॥११॥
प्रात:काल उठी पवित्र मनले * सम्झी परब्रह्मको
गर्नू ध्यान बसेर हृत्कमलमा * श्री शक्तिकै रूपको।
कुल्ला गर्नु अनी सफा जल लिई * राखी स्वयम् आसन
गर्नू चिन्तन ब्रह्मको दृढ भई * बाँधेर पद्मासन॥१२॥
प्राणायाम गरी जपोस् प्रणव नै * ॐ मन्त्र एकाक्षरी
'सोऽहम्' को जप ध्यान उत्तम गरोस् * सम्झी जगत्–ईश्वरी।
ब्रह्मा, विष्णु र रुद्र हुन् गुरु ठुला * श्री ईश साक्षात् भनी
तिन्का पाउविषे झुकोस् गुरु बुझी * अत्यन्त सानू बनी॥१३॥
गर्नू चिन्तन स्थूल देह बिचमै * षट्चक्रको सज्जन
थाल्नू ध्यान ति शक्तिको दृढ भई * रोकेर आफ्नू मन।
पूजा मानस–शक्तिको गरिलिनू * आफू भई सुस्थिर
त्यस्ले नाश्तछ पाप ताप मनको * गर्नन् दया शङ्कर॥१४॥
जो गर्दैन सदा यही नियमको * श्रद्धा–सहित् पालन
त्यस्ले सम्झनु देविलाइ खुशिले * एकाग्र पारी मन।
प्रात:काल अमूल्य हो समय त्यो * कैह्लै नजाओस् सुती
देवीकै जप–ध्यान चिन्तन–विषे * उस्ले लगाओस् मति॥१५॥
श्री सूर्योदय वा उषा समयको * बेला नफाल्नू सुती
आफ्नू मुक्ति हुने उपाय–तिर नै * लागी सपारोस् मति।
शय्या त्यागिदिएर दक्षिण दिशा * जानू सकेको पर
बिच्छ्याई तृण झार केहि भुमिमा * बस्नू फिरी उत्तर ॥१६॥

राखी कानविषे जनै मल तजोस् * क्यै बेर मौनी बनी
यस्को पालन गर्नुपर्छ सबले * कर्तव्य हो यो भनी ।
माटोलाई पखालि स्वच्छ गरनू * पैह्ले गुदद्वारमा
माटो लाउनुपर्छ विज्ञ जनले * पाऊ तथा हातमा ।। १७ ।।
कुल्ला सोह्र गरेर मञ्जन तथा * कोही दतीवन् लिनू
पारी दाँत सफा समस्त मुखको * दुर्गन्ध फालीदिनू ।
औँसी वा रवि–षष्ठिमा, प्रतिपदा, * एकादशीमा पनि
बेरामी र अशक्त श्राद्ध–तिथिमा * त्याग्नू उचित् हो भनी ।। १८ ।।
गर्नैपर्दछ नित्य शौच विधिले * स्नानादिका निम्तिमा
वापी कूप तडाग वा यदि सके * जानू नदी–तीरमा ।
गर्नू स्नान मलीनता शरिरको * शुद्धार्थ नित्यै सदा
सन्ध्यावन्दन देव–पूजन पनी * गर्नू सदा–सर्वदा ।। १९ ।।
लाई भस्म त्रिपुण्ड्र धारण गरोस् * रुद्राक्ष–माला पनि
साक्षात् शङ्कर–रूप हुन्छ जन त्यो * मानिन्छ ज्ञानी भनी ।
गायत्री–जपमा र स्नान–विधिमा * गर्नेछ आलस्य जो
त्यस्तालाइ नगन्नु विज्ञ द्विजमा * शूद्रत्वमा जान्छ त्यो ।। २० ।।

रुद्राक्ष–महिमा– (२)

बिन्ती नारदले गरे त्यति सुनी * हे विष्णु नारायण !
आज्ञा गर्नुहओस् प्रसन्न मनले * रुद्राक्षको वर्णन ।
कैह्ले यो कसरी कहाँ हुन गयो * उत्पत्ति रुद्राक्षको
यस्को जुन् इतिहास हो अब सबै * इच्छा भयो सुन्नको ।। १ ।।
श्री नारायण भन्नुहुन्छ मुनिले * बिन्ती गरेको सुनी
तिम्रो प्रश्न सुनेर हर्षित भएँ * अत्यन्त नै हे मुनि !

ठूलो युद्ध गरी जित्यो त्रिपुरले * स्वर्गादि संग्राममा
भागे देवहरू सुमेरु गिरिको * यौटा कुनै स्थानमा।। २।।
पाऊमा शिवका परे पछि गई * ती देव कैलासमा
तिन्को कष्ट बुझी तुरुन्त शिवको * चिन्ता बढ्यो चित्तमा।
चिम्ले नेत्र हजार वर्ष र रहे * त्यस्तै स्थितीमा शिव
थोपा अश्रु—स्वरूप केहि जलका * गिर्दा भएथे तब ।। ३।।
उम्रे वृक्ष अनेक सोहि जलले * प्रत्यक्ष रुद्राक्षका
राता, श्वेत र धूम्र जे जति भए * हुन् रूप ती शम्भुका।
यस्को भेद पुराण शास्त्र—मतले * अठ्तीसको मान्दछन्
यै हो तत्त्व प्रधान रूप शिवको * ज्ञानीहरू जान्दछन्।। ४।।
कालो निक्खर रुद्रसंज्ञक भनी * जानिन्छ रुद्राक्षको
छन् धेरै थरि भेद, यो विषयमा * वेदादि षट्—शास्त्रको।
त्यस्मा भेद प्रधान जो छ मुखको * विस्तार त्यस्को सुन
जुन् हो एकमुखी निखार्छ उसले * नै ब्रह्महत्या गुन।। ५।।
काट्ने रोग र कष्ट त्यो दुइमुखे * त्यो रूप हो अग्निको
हत्या पाप निखार्छ तीन—मुखको * हो रूप स्ववैद्यको।
ब्रह्मा रूप कहिन्छ चार मुखको * ठूलो प्रभावी छ त्यो
अग्नी रुद्र समान पाँच मुखको * रुद्राक्ष पैल्हछ जो।। ६।।
गम्याऽगम्य र गुप्त पाप जति हुन् * टिक्तैन त्यो व्यक्तिको
जानी जानि कदापि गर्नु नहुने * दुष्कर्म गर्ने छ जो।
स्वामी कार्तिक—रूप धारण गरे * रुद्राक्ष त्यो षट्—मुख
त्यस्को चित्त अशान्त हुन्न कहिल्यै * भोग्दैन केही दुख।। ७।।
जान्नू काम—स्वरूप सात मुखका * सप्तर्षि झैँ उत्तम
पैह्लेमा तन शुद्ध हुन्छ मनमा * शान्ती तथा संयम।

राम्रो आठमुखे गणेश—रुपको * हो विघ्न हर्ने पनि
यस्ले स्त्री—हरणादि पाप जति हुन् * टिक्तैन त्यो हे मुनि!।। ८।।
साक्षात् शङ्कर—रूप नौ मुख हुने * पैह्रन्छ रुद्राक्ष जो
त्यस्ले पाप निखार्छ भ्रूण—वधको * यो वाक्य हो शास्त्रको।
साक्षात् विष्णु—स्वरूप हुन् दशमुखे * पैह्रन्छ जो सादर
बाधा सर्प पिशाच प्रेत भुतको * पर्दैन क्यै दुच्छर।। ९।।
जुन् एघारमुखे छ रुद्र—रविको * नै रूप मानीलिनू
जो पैह्रन्छ सहर्ष बाहु—शिरमा * हो सिद्ध जानीलिनू।
गर्ला धारण श्रेष्ठ बाह्र मुखको * रुद्राक्ष जो सज्जन
त्यस्लाई फल मिल्छ यज्ञहरुको * माँग्दै नमागीकन।। १०।।
पाए तेह्रमुखे प्रसन्न मनले * तत्काल पैह्रीलिनू
तर्नन् पितृ अवश्य सात कुलका * विश्वास मानीलिनू।
गर्नू धारण श्रेष्ठ चौध मुखको * रुद्राक्ष भेटे कहीँ
त्यस्ले देह त्यजेर स्वर्गपुरिमा * सानन्द बस्ला उहीँ।। ११।।
मालाको सुन हे मुने! अब तिमी * संक्षेपमा वर्णन
माला पैह्रनुपर्छ श्रेष्ठ जनले * रुद्राक्ष छानीकन।
जप्ता उत्तम हुन्छ ठिक्क अमला * जत्रै त रुद्राक्षको
माला उत्तम जान्नु एक सयमा * बर्ता छ जो आठको।। १२।।
माला उत्तम त्यो चउन्न अथवा * झन् श्रेष्ठ सताइस
मालाका सब जातमा बुझ मुने! * रुद्राक्ष मिल्ने यश।
पूजा पाठ र नित्य कृत्य सबमा * रुद्राक्षकै कङ्कण
बाहू, मस्तक, हात, कान सबमा * जो गर्दछन् धारण।। १३।।
गर्दा यज्ञ र दान, तीर्थ, व्रतको * पाइन्छ जस्तो फल
त्यो—भन्दा पनि श्रेष्ठ हुन्छ जनको * चौतर्फमा उज्ज्वल।

सिद्धि प्राप्त हुने, छिटै बल दिने * रुद्राक्ष जस्तो अरू
माला हुन्न कुनै पनी फल दिने * भन्छन् ति ज्ञानीहरू।। १४।।
भन्दै छू इतिहास नारद मुने ! * सुन्दै रहू ध्यानले
सुन्दामा पनि गर्दछन् समयमा * रक्षा उनै शम्भुले।
राखेको अघि सेठले घरविषे * यौटा गदाहा थियो
उस्को मलिकले नबोक्न सकिने * रुद्राक्ष लादीदियो।। १५।।
भारी धेर भएर बोक्न नसकी * लोटी गदाहा मऱ्यो
त्यै बेला शिवदूतले पुगि लगे * कैलासमा त्यो गयो।
ज्ञानी क्वै गिरिनाथ ब्राह्मण थिए * सत्पात्र औ सज्जन
छोरो एक थियो छुचो गुणनिधी * तिन्को निकै दुर्जन।। १६।।
त्यस्ले गुप्त रहेर आफ्नि गुरुमा * राखीलिएको थियो
जानेथे गुरुले कुकृत्य उसको * त्यो भेद खुल्दै गयो।
सम्झाए बहुतै तथापि खलले * के मान्दथ्यो बात त्यो
पापीले गुरुलाइ नै विष दिई * तत्काल मारीदियो।। १७।।
त्यस्लाई पुरवासिले मिलि छिटै * वन्मा धपाईदिए
डाका चोर मिली तुरुन्त सबले * आफ्नू तुल्याईलिए।
हत्या यात्रु र विप्रको धनिकको * गर्थ्यो उहीँ नै सदा
केही कालपछी मऱ्यो अधम त्यो * आयुष्य पूरा हुँदा।। १८।।
आए लीन भनेर दूत यमका * त्यो दुष्टलाई जब
त्यै वेला शिवका पनी गण पुगे * गर्जेर बोल्दै शिव।
केही बेर चल्यो विवाद दुइको * गर्थे कुरा शास्त्रको
भागेथे यमदूत त्यो गुणनिधी * कैलास जाँदो भयो।। १९।।
पापी हो तर, मृत्युको बखतमा * रुद्राक्षको स्पर्शले
पायो दिव्य गती बताउँ म कती * सुन्दै रहू भक्तिले।

हुन् रुद्राक्ष–स्वरूप ती शिव स्वयम् * नित्यै सपार्ने मति
कोही सुन्दछ वा सुनाउँछ भने * सप्रन्छ उस्को स्थिति ।। २० ।।

भस्म–महिमा – (३)

भन्थे कथा थरि–थरी प्रभु हर्ष मानी
सुन्थे बसी सकल नारद विज्ञ ज्ञानी ।
जुन् भस्म धारण गरेर तरिन्छ नाथ !
सुन्छू म वर्णन सबै निहुराइ माथ ।। १ ।।
बिन्ती सुनेर मुनिको अति हर्ष मानी
आज्ञा भयो प्रभुजिले सुन भक्त ज्ञानी ।
जुन् भस्मको छ महिमा बहुतै अपार
त्यस्को सुनाउँछु मुने ! अब सार सार ।। २ ।।

गर्छन् धारण जो त्रिपुण्ड्र तनमा * 'सोऽहम्' यही मन्त्रले
तिन्को देह पवित्र, गेह सहसा * होला त्यही भस्मले ।
जस्ले धारण गर्छ भस्म दिनहूँ * गर्दै नियम् पालन
गर्दै भोग यहाँ, मरेपछि उहाँ * भेट्ला सुखी जीवन ।। ३ ।।
यज्ञैको, विरजाग्निको, अनलको, * दावाग्निको, होमको
जान्नू उत्तम भस्म यी सकलमा * त्यै वीरजा अग्निको ।
जुन् नक्षत्र रहन्छ पूर्ण दिनमा * चित्रा तिथी पूर्णिमा
गर्नू धारण भस्म त्यै दिन सधैँ * बाँधी नियम् चित्तमा ।। ४ ।।
शय्या त्यागि त्रयोदशी तिथिविषे * सानन्द मौनी बनी
सन्ध्या स्नान सकेर वस्त्र पहिरी * कर्तव्य हो यो भनी ।
गर्नू पालन भस्मका नियम ती * आनन्द मानीकन
गर्दा होम् शिवतत्त्वको अनि 'अहम्' * यस्कै गरी चिन्तन ।। ५ ।।

पोल्नू गोबरको बनाइ विधिले * डल्लो उही यज्ञमा
राख्नू देह र गेह स्वच्छ क्रमले * त्यो होमको निम्तिमा।
गर्नू होम रहेर निर्जल स्वयम् * नै हुन्छ राम्रो अनि
भोलीपल्ट उठेर वेद–विधिले * गर्नू समापन् पनि॥ ६॥
सोही भस्म घसेर अङ्ग–भरिमा * जो गर्दछन् चिन्तन
तिन्लाई सुख–शान्ति मिल्दछ सदा * पर्दैन दुःखी हुन।
जस्ले गर्छ त्रिपुण्ड्र धारण छिटै * त्यो व्यक्ति वैकुण्ठमा
ठूलो पुण्य मिलेर पुग्दछ मुने! * सानन्द कैलासमा॥ ७॥
त्यस्को भेद बताउँछू सुन मुने! * छन् तीन शास्त्रादिमा
हो यो सार ठुलो भनी सुजनले * राख्नू सदा चित्तमा।
भैँमा खस्न नपाइ थाप्नु करमा * नै गाइको गोबर
पार्नू उत्तम ब्रह्मरन्ध्र जपले * त्यै भस्म हो निक्खर॥ ८॥
दोस्रो पौष्टिक भस्म–मन्त्र विधिले * यो नै भयो शान्तिक
तेस्रो भस्म सुमन्त्र यज्ञहरुको * मालीक संरक्षक।
भन्छन् त्यस्कन भस्म कामद मुने! * कल्याण गर्ने सदा
गर्छन् धारण त्यो सुविज्ञ जनले * नित्यै सदा सर्वदा॥ ९॥
औँसी अष्टमि पूर्णिमा तिथि कुनै * पारेर राम्रो दिन
गाई–गोबर राख्नु मन्त्र–विधिले * राम्रो सह्यारीकन।
राती, सेति, पहेँलि गाइ क्रमले * जम्मा गरी गोबर
चारै वर्ण मिलेर राख्नु गउको * गर्नू सदा आदर॥ १०॥
पढ्दै मन्त्र 'नमः' प्रसन्न मनले * डल्लो गरी घाममा
सम्झी अग्नि र रुद्रमन्त्रविधिले * पोल्नू त्यही अग्निमा।
राख्नू–पर्छ झिकेर भस्म खुशिले * यौटा कुनै पात्रमा
फेरी मन्त्र पढेर अत्तर कुनै * मिस्नू त्यही भस्ममा॥ ११॥

पारी भस्म विशुद्ध तत्पुरुषको * सिद्धी दिने मन्त्रले
गर्नू धारण त्यै अघोर शिवको * आराधना–मन्त्रले ।
सद्यो मन्त्र जपेर भस्म विधिले * गर्नू स्वयम् लेपन
यै हो भस्म लगाउने विधि सदा * गर्छन् सबै पालन ॥१२॥
रित्तो राख्नु हुँदैन विज्ञ जनले * आफ्नू सधैँ मस्तक
भक्ती–पूर्वक ध्यान गर्नु दिनहूँ * हुन् शक्ति नै रक्षक ।
सद्यो मन्त्र र काम मन्त्र दुइले * आफ्ना दुवै कानमा
अर्को मन्त्र अघोर शुद्ध मनले * घाँटी र सर्वाङ्गमा॥१३॥
रेखा तीन त्रिपुण्ड्रका शिव–विधि * प्रत्यक्ष श्री विष्णु हुन्
गर्दै धारण भस्म स्वर्गपुरिका * ती देवता खूशि छन् ।
कोही व्यक्ति भए पनी विधि–सहित् * पूजा गरी भस्मको
गर्ला धारण माथमा, गण भई * बस्नेछ श्री शम्भुको॥१४॥

घस्नेछ जो दिनदिनै त्यहि भस्मलाई
बस्छिन्–त्रिदेव सहितै जन तीन माई ।
मुक्ती रहन्छ दुइ हातविषे उसैको
वैकुण्ठ वा शिवपुरी–बिच बस्छ गै त्यो ॥१५॥
जाओस् लगाइकन भस्म कहीँ स्वयम् त्यो
कैल्हे अशुद्ध तनको कहिइन्न जो हो ।
बाटो मिल्यो ऋषि–मुनीकन भस्मले यो
श्रीशम्भुको गण प्रधान पनी त्यही हो ॥१६॥
काशी, प्रयाग, मथुरा गइ तीर्थस्नान
गर्छन् अनेक व्रत द्रव्य सहर्ष दान ।
पाइन्छ जो फल जती थरि तोकिएको
त्योदेखि नै अझ बढी बुझ भस्मको हो ॥१७॥

नित्यै त्रिपुण्ड्र गरि धारण गर्दछन् जो
हुन्छन् ति शङ्कर—स्वरूप र भक्त हुन् जो ।
घस्नेछ आसन गरी त्यहि भस्मलाई
सुत्नेछ जो सुजन उत्तम मान्नु भाइ ।। १८।।

भन्दै छू इतिहास यै विषयको * सुन्दै रहू हे मुनि !
सुन्नाले पनि चित्त पार्दछ सफा * कल्याण गर्ला अनि ।
दुर्वासा ऋषि हुन् तपोनिधि ठुला * ज्ञानी रिसाहा पनि
निस्के आश्रमबाट क्यै दिन यसै * आनन्द मान्दै तिनी ।। १९ ।।

डुल्दै ती यमलोकमा पुगिगए * कस्तो छ भन्दै जब
रेखा तीन त्रिपुण्ड्र मस्तकविषे * रुद्राक्ष पैही तब ।
गौरी—शङ्कर मात्र उच्च स्वरले * भन्दै पुगे ती मुनि
देखेथे मुनिलाइ पितृ—गणले * स्वागत् गरेथे अनि ।। २० ।।

राखी आसनमा प्रसन्न मनले * गर्दै थिए पूजन
जोरी हात दुवै गरी स्तुति पनी * खूशी गराए मन ।
त्यै वेला सुनियो अनेक थरिका * पापीहरूको स्वर
काटे, मारिसके, हरे गरुँ कसो * बिन्ती छ हे ईश्वर! ।। २१ ।।

यस्तै कष्ट दिने अनेक, मुनिले * वाणी सुनेथे जब
सोधे सुन्दछु यो म शब्द ननिको * के हो? बताओ सब ।
लागे भन्न कुरा बुझाइ पितृले * पापीहरू छन् यहीँ
भोग्छन् पाप स्वकर्मका दुख सही * जानै नसक्दा कहीँ ।। २२ ।।

यै हो संयमनी पुरी जन मरी * पापी जती आउँछन्
दिन्छन् कष्ट अनेक दूत यमका * पापिष्ठ चिच्च्याउँछन् ।
राजा हुन् यम नै समस्त पुरका * गर्छन् स्वयम् शासन
आज्ञाले यमकै ठुला नरकमा * फ्याँक्छन् कती दुर्जन ।। २३ ।।

कुम्भीपाक ढुलो छ रौरव तथा * अर्को महारौरव
भोग्छन् वैतरणी नदी–बिच परी * पापीहरू छन् सब ।
पापीको कहिल्यै सकिन्न जति जे * गर्दा पनी वर्णन
हाहाकार गरेर बेसरि रुँदै * थाल्छन् ति चिच्च्याउन॥ २४॥
तिन्का बात सुनी तुरुन्त मुनिको * आयो दया चित्तमा
हेर्छू नर्क भनी पुगे मुनि स्वयम् * तत्काल त्यै स्थानमा ।
मुण्टो केहि झुकाउँदै तल त्यहाँ * हेरे मुनीले जब
पापीलाइ तुरुन्त स्वर्ग सरिको * शान्ती मिलेथ्यो तब॥ २५॥
गर्थे बिन्ति उचालि बाहुलि दुवै * काहीँ नजानोस् मुने
हामीलाइ हुँदै छ शान्ति अहिले * आनन्द वर्षाउने।
त्यो चाला विपरीत दूतहरुले * देखे सुनेथे जब
पौँची ती यमको अगाडि चरले * बिन्ती गरे त्यो तब ॥ २६॥
आफैँ हेर्न भनेर श्रीयम पुगे * क्यै आत्तिएझैँ अनि
सारा बात सुनी पुगे सुरहरू * तत्काल शंकित् बनी ।
ब्रह्मा, विष्णु, कुबेर औ वरुणजी * दिक्पाल ती वैरिए
देखे ती सबले पुगी नरक त्यो * क्वै मूक जस्ता भए॥ २७॥
भोग्छन् पाप, परी सबै नरकमा * देख्दा सुखी छन् सब
त्यस्को भेद विचार्न शक्ति नपुगी * शङ्का गरेथे तब ।
पापीलाइ विशुद्ध पार्न यि बने * कुण्डादि नाना थरि
त्यस्तामा पनि छन् सुखी यदि भने * राम्रो छ पापै गरी॥ २८॥
मान्दैनन् अब पापको डर कुनै * क्वै घोर पापी जन
मर्यादा पनि लोक वेद सबको * बन्ने भए गन्थन ।
गर्थे तर्क–वितर्क देवगण ती * धेरै थरीका जब
भेद्नूभो शिवलाइ त्यै बखतमा * आफैँ गई माधव॥ २९॥

बिन्ती माधवले गरे नरकमा * आश्चर्य देखे जति
कस्तो कारण के परीकन भयो * यस्तो विचित्रै स्थिति ।
आज्ञा भो शिवले बुझी सब कुरा * तत्काल हे माधव
यो हो कार्य विभूतिको अनि त्यहाँ * देख्यौ तिमीले सब।। ३०।।
न्यूरीँदा ऋषिले निधार–बिचको * क्यै भस्म त्यस्मा झरी
पापी–माथि पऱ्यो उहीँ नरकमा * हावा हुनाले गरी ।
उस्कै श्रेष्ठ प्रभावले जति त्यहाँ * देख्यौ चमत्कार त्यो
ती पापी सब देव झैँ हुनु पनी * के छक्क पर्ने छ यो।। ३१।।
आज्ञाले शिवको फिरे सुरहरू * सन्तोष मानीकन
पूजा पार्वतिको तथा शिवजिको * मूर्ती गरी स्थापन ।
पापी पाप सबै पखालि तनको * कैलास जाँदा भए
जो–जो छन् गण रुद्रका तिनि सरी * आनन्द मानीलिए।। ३२।।
ज्ञानी नारदजी ! छ भस्म–महिमा * जत्ती भने तापनि
कैह्लै हुन्न समाप्त जान तिमिले * साँचो भनेको भनी ।
जस्ले गर्दछ भस्म धारण तथा * यस्को नियम् पालन
भोगी भोग–यहाँ, गएपछि उहाँ * बस्नेछ त्यो सज्जन।। ३३।।

तिलक–महिमा – (४)

ज्ञानी नारदले प्रसन्न मनले * सोधे र नारायण
भन्नूहून्छ मुने ! तिमी तिलकको * माहात्म्य भन्छू सुन ।
कालो मृत्‌मय ऊर्ध्व पुण्ड्र सबमा * हो शान्ति–दाता अति
सेतो हो वंश पार्न, पीत पनि हो * धर्मार्थ दाता पनि।। १।।

रातो स्वयम् धर्म र वेद–सम्मत
गर्ने सदा मङ्गल भक्तको हित ।

पारी कमल्को कित मत्स्य आकृति
गर्नू सदा धारण वेद–सम्मति ।। २।।
शिर्मा माधव, पेटमा हरि अनी * छाती–विषे केशव
श्री नारायण कण्ठमा अनि गला– * मा हुन् उनै माधव ।
श्री विष्णू दुइ काँधमा, मधुरिपू, * दो बाहुमा श्रीधर
जान्नू पीठविषे त्रिविक्रम हरी * सर्वाङ्ग दामोदर।। ३।।
श्रद्धा भक्ति–सहित् सधैं तिलक त्यो * गर्दै रहे धारण
त्यस्ले पुण्य बढाइ सक्दछ छिटै * स्वर्लोक पैँचाउन ।
रेखा रक्त छ ऊर्ध्वपुण्ड्र–बिचमा * शोभा दिने उत्तम
मान्नूपर्छ रमा–निवास त्यहि हो * गर्ने सदा संयम।। ४।।
पार्नैपर्छ अवश्य भिन्न उसमा * सोची विचारीकन
केही भिन्न भएन क्यै गरि भने * त्यो हुन्छ दोषी जन ।
ऊर्ध्वै पुण्ड्र त्रिपुण्ड्र हुन् तिलक जो * षट्–शास्त्रले सम्मत
नित्यै लाउनुपर्छ, सोहि नगरे * होवैन कैहै हित।। ५।।

सन्ध्योपासन नियम – (५)

सन्ध्योपासन गर्नुपर्छ कसरी ? * सोधे ति देवर्षिले
श्री नारायणले बुझाउनुभयो * प्रत्येक विस्तारले ।
सन्ध्योपासन गर्नु नित्य द्विजले * कर्तव्य वा धर्म हो
उस्तै क्षत्रिय, वैश्यले पनि गरून् * कल्याण–कर्ता छ त्यो।। १।।
बाधा र कष्ट अरु पाप परे जती जे
हुन्छन् विनष्ट सब कर्म गरे खुशीले ।
आयुष्य सौख्य धनको कमि हुन्न कैह्ले
पाइन्छ मुक्ति तन त्यागिदिइन्छ जैह्ले ।। २।।

तारा छँदै यदि गरिन्छ भने सुसन्ध्या
मानिन्छ उत्तम सबैतिरबाट वन्द्या ।
श्रीसूर्यका उदयको पछि जो गरिन्छ
सन्ध्या सुमध्यम भनेर उही कहिन्छ ।। ३।।
तारा सुअस्त पछि जो करले गरिन्छ
चुत्थो त्यही सकलमा श्रुतिले कहिन्छ ।
गर्नू यही नियमले जब साँझ पर्छ
उल्टो गरे यदि भने त्यहि कष्ट दिन्छ ।। ४।।
सन्ध्या गरे घर बसी अति श्रेष्ठ हुन्छ
गौ–गोठमा बसि त मध्यम नै कहिन्छ ।
मानिन्छ उत्तम नदीतिर दिव्य तीर्थ
गर्नू द्विजाति सबले यदि छौ समर्थ ।। ५।।
गायत्रि–वेद–जननी भनि जान्नुपर्छ
पूजा र ध्यान उनकै सब गर्नुपर्छ ।
जो छन् उपासक सबै निज–भक्त जानी
गर्छिन् सदा हित उनै जननी भवानी ।। ६।।

गायत्री जप गर्नुपर्छ जनले * मध्याह्नमा नै तर
बेलामा गरिएन क्यै गरि भने * गर्नू पछी दोब्बर ।
गायत्री–जप–हीन ब्राह्मण भयो * मुर्दा सरी जीवित
आफ्नू कर्म तजेर भोजन गरे * कुत्ता बुझे नास्तिक।। ७।।
जान्नू वृक्ष–स्वरूप ब्राह्मण तथा * सन्ध्या जरा हो भनी
शाखा पात अनेक शास्त्रहरु हुन् * भन्छन् ति ज्ञानी मुनि ।
रक्षा गर्नु अवश्य पर्छ द्विजले * त्यै मूलको यत्नले
रक्षा मूल–विना हुनेछ कसरी * हाँगा तथा पातले।। ८।।

ब्रह्मा, विष्णु र शम्भु हुन् बुझिलिए * रेचक् तथा कुम्भक
गायत्री जननी भनी जप गरून् * ध्यानस्थ भै पूरक ।
पूरा व्याहृतिको विधी गरिसकी * रोकेर आफ्नू मन
पूजा ध्यान विशेष गर्नु क्रमले * गायत्रि सम्झीकन ।। ९ ।।
देखाऊन् पछिबाट शुद्ध मनले * मत्स्यादि मुद्रा पनि
गर्नैपर्दछ प्रार्थनादि मनको * शुद्धी गराऊँ भनी ।
प्रातःकाल हुँदा झुकेर दिनहूँ * पस्नी सधैँ साँझमा
दोटै बाहु उचालि स्वच्छ जलले * अर्घ्यै दिनू तीर्थमा ।। १० ।।
सारा पापहरू स्वयम् क्षय हुने * मन्मा लिई भावना
गर्नू उत्तम–रूपले वर दिने * गायत्रिको प्रार्थना ।
विश्वामित्र वसिष्ठको मनमनै * गर्नू स्वयम् चिन्तन
सारा पाप र ताप जान्छ मनको * मिल्ला पछी दर्शन ।। ११ ।।

गायत्री–पुरश्चरण – (६)

ज्ञानी नारदले विनम्र स्वरमा * बिन्ती गरे हे प्रभो
वक्ता भेट्छु कहाँ अरू हजुर झैँ * गर्ने दया हे विभो !
आज्ञा गर्नुहओस् पुरश्चरणको * कस्तो छ गर्ने क्रम
सिद्धि प्राप्त हुनेछ कुन् किसिमले * निखन्छ मन्को तम ।। १ ।।
बिन्ती नारदको सुनेर हरिले * क्यै बेर सोचीकन
आज्ञा गर्नुभयो प्रसन्न म भएँ * भन्छू बुझाई सुन ।
गर्छू निश्चय नै पुरश्चरण लौ * भन्ने प्रतिज्ञा गरी
जस्ले गर्छ शुरू सबै तरहले * सम्झी उनै ईश्वरी ।। २ ।।
जप्तै व्याहृति तीन् पुरश्चरणमा * जस्ले डुबायो तन
त्यस्लाई सुख मिल्छ उत्तम मुने ! * माँगे–जती नै धन ।
गायत्री–जप एक लाख पहिले * गर्नू विधान्ले अनि
त्यस्को गर्नु दशांश तर्पण तथा * मार्जन् विधी हो भनी ।। ३ ।।

गायत्री शुभ मन्त्रमा छ क्रमले * चौबीस जुन् अक्षर
जप्नू चौबिस लाख वेद–विधिले * भन्छन् अनेकौँ नर ।
त्याग्नू वार तिथी खराब छ भने * सानन्द सोही दिन
जप्नूपर्छ समान कम्ति र बढी * केही नपारीकन।। ४।।
जस्ले लाख कमल् त चोभि घिउमा * देला जसै आहुति
इच्छा केहि रहन्न शेष, सहजै * पुग्ला चिताए–जति ।
कुट्नू, पिँध्नु, बढ़ार्नु, लिप्नु र चुल्हो * बाल्नू यि छन् पाँच जो
यस्को दोष गृहस्थलाइ दिनहूँ * लाग्नेछ यो नीति हो।। ५।।
गर्नू उत्तम वैश्वदेव जनले * क्यै शान्ति होला भनी
रक्षा बन्धु–सहित् हुनेछ सबको * माता–पिताको पनि ।
यस्को श्रेष्ठ विधान विस्तृत हुँदा * संक्षेपमा नै सुन
सुन्नाले पनि जान्छ ताप तनको * सन्तुष्ट होला मन ।। ६।।
आगो आहवनीय जान्नु मुखमा * गार्हस्थ्यको वक्षमा
नाभीमा अनि दक्षिणाग्नि बुझिल्यौ * तापस्थ छन् पेटमा ।
पढ्नू वेद र ब्रह्मचर्य रहनू * गायत्रि सम्झीलिनू
त्यस्ताको ऋषि–ऋण् समाप्त हुन गो * भन्ने विचारीलिनू।। ७।।
छोरो भैकन पितृको ऋण सबै * त्यस्ले उतारीदियो
द्यौताको ऋण यज्ञले तिरिदिँदा * बाटो स्वयम् सप्रियो ।
रात्रीमा जप गर्नु हुन्न जनले * बेला बुझी केवल
भक्ष्याऽभक्ष्य स्वयम् विचार नगरे * होला सबै निष्फल।। ८।।
खानू गाँस घटाइ एक क्रमले * त्यो कृष्ण पक्षैभरि
खानू गाँस बढाइ एक दिनहूँ * त्यो शुक्ल पक्षै–भरी ।
नीराहार बसेर औँसि तिथिमा * गायत्रि देवीकन
सम्झी गर्नु सहर्ष साङ्ग्य व्रतको * हो श्रेष्ठ चान्द्रायण।। ९।।

।। इति श्रीमद्देवीभागवत एकादश स्कन्ध समाप्त ।।

श्रीमद्देवीभागवत द्वादशतम स्कन्ध प्रारम्भ

गायत्री महिमा – (१)

श्रीनारायणलाइ शुद्ध मनले * सम्झेर देवर्षिले
गायत्री–विधि त्यो सुनेँ खुशिभएँ * गर्दा कृपा नाथले।
तर्छन् सिद्ध मुनी ऋषीश्वरहरू * ज्ञानी सदाचारले
फाली पाप र ताप शुद्ध मतिका * हुन्छन् ति आचारले।। १।।
पार्छन् निर्मल बुद्धि विज्ञ जनले * आचार पालन् गरी
राम्रा कार्यहरू तजेर कसरी * को जान्छ पारी तरी।
अल्झेका बलवान कर्मबिच छन् * यो विश्वका मानिस
सक्छन् उम्कन ती सुकर्महरुले * फैलन्छ उन्को यश।। २।।
ती चान्द्रायण आदि छन् व्रतहरू * हुन् कष्टदाता अति
सक्छन् गर्न कहाँ र घोर कलिमा * आँट्नेछ को सद्मति।
सोही कारण धर्म कर्म सजिलो * पर्ने र चाँडै हुने
सुन्छू दिव्य कथा बताउनुहओस् * सत् मुक्ति भेट्टाउने।। ३।।
गायत्री–जपको सुनेँ विधि सबै * मैले सदाचारमा
इच्छित् पुण्य दिनेछ कुन् अरु ठुलो * प्रख्यात संसारमा।
यस्तो नारदको कुरा सुनिसकी * तत्काल नारायण
थाले भन्न बुझाइ बात हितका * एकेक भन्छू, सुन।। ४।।

श्रीजन्मेजयलाइ यै शुभ कथा * श्री व्यास भन्थे उता
श्री नारायण विज्ञ नारद मुनी— * लाई कहन्थे यता।
गायत्री—जप जान श्रेष्ठ सबको * कल्याण गर्ने पनि
सक्छन् बुद्धि सपार्न ती जप गरी * ज्ञानी तपस्वी मुनि।। ५।।
यस्मा चौबिस वर्ण, छन्द ऋषि छन् * ती न्यास मुद्रा पनि
दीक्षा प्राप्त गरोस् सुयोग्य गुरुको * कल्याण—कर्ता भनी।
तीनै काल, हजार गर्छ जप जो * अत्यन्त विश्वासले
भोगी भोग यहाँ, मरेपछि उहाँ * बस्नेछ आनन्दले।। ६।।
मुद्रा न्यासहरू यथाक्रम सबै * गर्नू पहीले अनि
सक्तैनन् यदि गर्न भित्रि मनले * सम्झून् भवानी भनी।
गायत्री—जप मात्र शुद्ध मनले * गर्दै रहे तापनि
त्यस्ले प्राप्त हुनेछ शान्ति सहजै * 'जै जै भवानी' भनी।। ७।।
अर्वाक् छन्द र वामदेव ऋषि हुन् * चौबीस छन् अक्षर
अग्नी देव भए प्रजापति तथा * गायत्रिका सुन्दर।
भक्ती भागवती प्रिया बुझिलिए * हो तत्त्व भूमि जल
नीलो वर्ण छ शुद्ध सम्पुट तथा * मुद्रा अती उज्ज्वल।। ८।।
ब्रह्मा, विष्णु र रुद्र नै कवच * गायत्रिका बेसरी
गर्छन् यी सब चाकरी समयमा * अत्यन्त मानी खुशी।
न्यास ध्यान गरेर शुद्ध मनले * पढ्नेछ जो कीलक
गर्छन् पाठ र मन्त्रको जप सदा * मानेर संरक्षक।। ९।।
ठूला यज्ञ गरून् र तीर्थ व्रत वा * त्यो उच्च चान्द्रायण
धेरै दान दिऊन् अनेक थरिका * सम्झेर नारायण।
गायत्री जननी भनी स्तुति सधैँ * सन्ध्या सकी गर्छ जो
नाना भोग गरी गएपछि उहाँ * वैकुण्ठमा बस्छ त्यो।। १०।।

यौटा गुप्त कुरा छ जो कवच ती * गायत्रिको उत्तम
गर्दा धारण घाँटिमा त मनको * टिक्तैन कालो तम ।
उस्का ताप समस्त पाप तनका * दुर्भावना छन् जति
निखन्छन् अनि चित्त निर्मल भई * आनन्द भोग्ला अति ॥११॥

ब्राह्मी बनी तिमि शुभे ! सब कष्ट हर्ने
हे वैष्णवी गर दया मन शुद्ध पार्ने ।
हे रुद्र–रूपिणि शिवे सुखको निधान
गर्छू त्रिमूर्तिहरुलाइ झुकी प्रणाम ॥१२॥

सम्झेर तेज जपनेकन योगि पाछ्यौं
सम्पूर्ण भक्तजनकी तिमि रक्षिका हौ ।
जान्दीनँ केहि जननी ! म त जप्छु नाम
चाँडो दया गर शिवे ! पदमा प्रणाम ॥१३॥

दीक्षाको पनि क्यै महात्म्य अब लौ * संक्षेपमा वर्णन
गर्छू भन्नुहुँदै सबै सुन मुने ! * भन्छन् ति नारायण ।
गर्नू एक तयार मण्डप स्वयम् * छानेर राम्रो दिन
बाँधी तोरण आदि फूलहरुले * सारा सजाईकन ॥१४॥

मूर्ती लक्ष्मि र भारती गुणवती * यिन्को तयारी गरून्
पूजा पाठ र होम ध्यान जपमा * भक्ती लगाई रहून् ।
दीक्षा प्राप्त गरून् सुपात्र–सित वा * सुन्नू सुपात्रै–सित
गायत्री गुरु –शिष्यमा गरि दया * गर्छिन् खुशीले हित ॥१५॥

गायत्रिको सुनिसके महिमा अपार
दीक्षा पुरश्चरणको पनि जानि सार ।
ढोगी सफा चरणमा प्रभुको नुहेर
हिड्दा भए मुनि 'म जान्छु प्रभो' ! भनेर ॥१६॥

गौतमको श्राप र शक्ति–महिमा – (२)

भन्थे व्यास कथा प्रसन्न मनले * सुन्थे ति जन्मेजय
शङ्का शेष रह्यो अझै हृदयमा * यौटा निकै दुर्जय ।
जो गर्छन् गुण–गान शक्ति सबमा * ठूली भनी वेदले
त्यागी त्यो पथ, भिन्न ब्राह्मणहरू * हिँड्छन् ति उत्साहले।। १ ।।
ज्ञानी पण्डित श्रेष्ठ मानिस पनी * माँग्ने हिँडे–झैँ गरी
हिड्छन् वेद–विरुद्ध पन्थ कलिमा * ढाँट्ने इरादा धरी ।
कोही वैष्णव, शैव, बौद्ध अथवा * ठूलो भनी भैरव
चार्वाकादि कपालि नास्तिक बनी * भन्छन् म ठूलो सब।। २ ।।
यस्को हेतु सबै बुझाउनुहओस् * बिन्ती छ मेरो मुनि !
यस्तो बिन्ति सुनेर विज्ञ मुनिको * क्यै बेर मन्मा गुनी ।
थाले भन्न बुझाइ व्यास मुनिले * हेतू छ यस्तो भनी
राजा सुन्न बसे प्रसन्न मनले * अत्यन्त सानू बनी।। ३ ।।
देवीको मणिद्वीप आदि सबको * संक्षेप चर्चा गरे
जो शङ्का नृपको थियो सकल त्यो * बाँकी नराखी हरे ।
हे राजन् ! पहिले महोद्धत भनी * यौटा भयो दानव
तीनै लोक जिती गराइ वशमा * उर्लेर आए सब।। ४ ।।
द्यौता दानवको चल्यो समर त्यो * गर्जेर उत्साहले
गर्थे आपुसमा प्रहार रिसले * नाना थरी अस्त्रले ।
लागे लड्न र दैत्यले थरि–थरी * माया फिजे युद्धमा
माया काटिदिए तुरुन्त सुरले * हर्षित् भई चित्तमा।। ५ ।।
पापी दानवलाइ देवगणले * चुट्तै लघारे जब
भागे प्राण लिई कती, कति हिडे * पातालमा दानव ।

शक्तीको सुरले सहर्ष मनमा * ध्यानै गरेनन् अनि
लागे गम्कन लौ जित्यौँ रण ठुलो * हामी सबैले भनी।। ६।।
हामी वीर पराक्रमी समरका * ज्ञाता हुनाले सब
तिन्ले जित्नु लडाइँ के गरि स्वयम् * भागे, मरे दानव।
यो सृष्टि स्थिति नाश पालन पनी * सक्छौँ र गर्छौँ जब
हाम्रा साथ लडाइँ गर्न सहसा * को आउला लौ अब।। ७।।
बिर्सेथे महिमा जगज्जननिको * बोले अहङ्कारले
धारिन् यक्ष–स्वरूप क्यै पर उहीँ * कत्यायनी शक्तिले।
विद्युत् झैँ अति तेजिलो र रविको * त्यो तेज फिक्का गरी
कोही दिव्य प्रकाशपुञ्ज नगिचै * देखे स्वयम् त्यो घरि।। ८।।
के हो अद्भुत तेज यो भनि निकै * मानेर मन्मा डर
अग्नीलाइ बुझेर आउन भनी * भन्दा भए सादर।
पौँचे अग्नि तुरुन्त तेज–नगिचै * आफू चनाखो बनी
सोधेथे अनि यक्षले बल छ के * को हौ तिमी लौ भनी।। ९।।
लागे भन्न सगर्व अग्नि, सबले * आगो मलाई अनि
सक्छू पोल्न समस्त वस्तु जति छन् * ठूला र साना पनि।
यस्ता बात सुनी घमण्ड मनको * जानीलिए यक्षले
लौ यो घाँस डढाउ अग्नि ! सहजै * सक्छौ भने शक्तिले।।१०।।
जाबो घाँस भनेर शक्ति तिनिले * पूरा लगाए पनि
त्यान्द्रो घाँस डढेन लज्जित भई * स्वर्लोक फर्के तिनी।
सारा बात सुनेर स्वर्गपतिले * चिन्ता परी चित्तमा
वायूलाइ भने गएर तिमिले * त्यो जोतिको सामुमा।।११।।
पूरा बात बुझेर आउ अहिल्यै * यस्तो भनेको सुनी
ती वायू पनि वेगले पुगिगए * हेरूँ तमाशा भनी।

बोलिन् यक्ष–स्वरूपिणी भगवती * ती वायुलाई अनि
आएका किन हौ बताउ छ हुती * के गर्न सक्छौ भनी ।। १२ ।।
वायू हूँ म उडाउँछू सहजमै * सारा, भनेथे जब
राखे सामु रुओ उड़ाउन भनी * तिन्का अगाडी तब ।
सानो वस्तु भनेर हेपि बलले * हाँक्दै गए वायुले
कत्ती डेग रुओ चलेन र छिटै * भागे तिनी लाजले ।। १३ ।।
सम्झाए अनि इन्द्रलाइ सबले * जस्तो भयो दुःस्थिति
सारा देव मिली भने–हजुर नै * पाल्नूहओस् सद्मति ।
को हो यक्ष-स्वरूप त्यो ? किन यहाँ * आएछ कुन् कामले
बुझ्नैपर्छ अवश्य, पर्छ कि कतै * आपत्ति दुर्दैवले ।। १४ ।।
तिन्का बात सुनी सुरेन्द्र सहसा * गर्जी अहङ्कारले
आफैँ जान्छु भनी हिँडे मनमनै * अत्यन्त उत्साहले ।
पैँचे सम्मुख बोल्नलाइ नसकी * वाणी स्वयम् रोकियो
अल्पिन् यक्ष–स्वरूपिणी भगवती * आश्चर्य त्यो देखियो ।। १५ ।।
ज्योति क्षीण भएर श्वास सहजै * नै रोकिएझैं भयो
राजा इन्द्र भए र लज्जित निकै * सातो र शेखी गयो ।
को हौ यक्ष-स्वरूप ? हे प्रभु ! छिटै * आई सुरक्षा गर
भन्दै बिन्ति गरे परी शरणमा * ती इन्द्रले सादर ।। १६ ।।
त्यै वेला सुर–राजले सुनिलिए * आकाश–वाणी पनि
व्यर्थैको अभिमानले दुख भयो * साह्रै नराम्रो भनी ।
ध्याता हो ! जप बीज–मन्त्र मनको * फाली अहम्–भावना
भोग्यौ व्यर्थ 'अहम्' बढाइ सबले * सन्ताप वा यातना ।। १७ ।।
पाए सुन्न सुरेन्द्रले सुख दिने * आकाशवाणी जब
ती पद्मासनमा बसेर जपको * थाले तपस्या तब ।

निक्कै काल बित्यो गरे दृढ भई * देवेन्द्रले चिन्तन
दुर्गा तुष्ट भइन्, मिल्यो अनिपछी * त्यै ठाउँमा दर्शन।। १८।।
ढोगे नम्र भई झुकेर पदमा, * गर्दै गएथे स्तुति
सोधेथे पछि यक्षको विषयमा * सन्ताप मान्दै अति।
तिन्को बात सुनी प्रसन्न–वदना * बोल्दी भइन् शक्तिले
लाग्यौ गर्न घमण्ड व्यर्थ मनमा * भो कष्ट त्यै हेतुले।। १९।।
मै हूँ यक्ष–स्वरूपिणी भगवती * संसारकी कारिणी
हिड्छन् मानि हुकूम् सबै खटनमा * शक्ती यिनै हुन् भनी।
यो सृष्टि–स्थिति–नाश, पालन स्वयम् * सक्छू र गर्छू पनि
ब्रह्मा, विष्णु, महेश आदि सबकी * हूँ शक्तिरूपा भनी।। २०।।
शक्तीको सब बिर्सि तेज महिमा * आफैँ ठुलो हूँ भनी
थाल्यौ गर्न घमण्ड, युद्ध–विजयी * योद्धा मपाईं बनी।
शिक्षा क्यै निज–तत्त्वको दिन भनी * मन्ले विचारीकन
धारी यक्ष–स्वरूप यो निहुँ झिकी * मैले दिएँ दर्शन।। २१।।
यस्तो फेरि नगर्नु गर्व कहिल्यै * हौँ श्रेष्ठ हामी भनी
अल्पिन् बात बुझाइ ती भगवती * संसारकी स्वामिनी।
पाई त्यो हितका कुरा मनमनै * आनन्द मानीकन
लागे इन्द्र अफालि दर्प, अधि झैँ * श्री शक्तिकै चिन्तन।। २२।।
यौटा दिन्छु यहीँ उदाहरण लौ * सुन्नूहओस् भूपति
प्राणी क्यै अनिकालमा अधि मरे * धेरै कती हो कति।
लागे खान अखाद्य वस्तु जनले * राम्रो नराम्रो सब
थाले सन्ततिलाइ खान जब ती * बन्दै गए दानव।। २३।।
पानी–हीन नदी तलाउ र कुआ * ठूलो खडेरी परी
साक्षात् प्रेत सरी बचे जति सबै * दुःखी थिए बेसरी।

मानी दिक्क अनेक ब्राह्मणहरू * होला सुरक्षा भनी
पौँचे गौतमको सुरम्य कुटिमा * बस्थे तपस्वी मुनि।। २४।।
दुःखी दीन मलीन देखि मनमा * क्यै कष्ट मानीकन
राखे गौतमले सबैकन त्यहीँ * दिन्छू भनी भोजन।
गायत्रीकन सम्झि गौतम मुनी * लागे तपस्यातिर
पाए इच्छित पात्र, एक मुनिले * भोजन् दिने सुन्दर।। २५।।
इच्छा–माफिकका उपस्थित गरे * खाद्यान्न पर्वत् सरि
कम्ती केहि भएन, भोजन गरी * खूशी भए बेसरी।
थाले बस्न त्यहीँ कुटी–वरिपरी * घेरेर लाखौँ जन
साह्रै खूशि थिए खडेरि–बिचमा * मिल्दा मिठो भोजन।। २६।।
ठूलो त्यो तपको प्रभाव मुनिको * देखे सबैले जब
उन्को कीर्ति निकै सबैतिर बढी * देखा परेथ्यो तब।
आए गौतमको कुटीतिर स्वयम् * देवर्षि कोही दिन
राखी आसनमा सहर्ष मुनिले * गर्दा भए पूजन ।। २७।।
पैह्ले नारदले गरे कुशलका * वार्ता अनेकौँ थरि
त्यस्का बाद भने विनम्र स्वरमा * धेरै प्रशंसा गरी।
गर्नूभो उपकार यो बखतमा * दुःखी सबै जीवको
गर्दै छन् गुण–गान देवगणले * सत्कीर्तिको नाथको।। २८।।
आएँ भेट्न स्वयम् म यो बखतमा * कीर्ती हजुर्को सुनी
पाएँ देख्न प्रशस्त, हर्षित भएँ * यो छक्क पर्ने भनी।
ज्ञानी गौतम, धन्य हो हजुरको * कीर्ती निकै नै बढ्यो
फर्के नारद, विज्ञ गौतम मुनी– * को कीर्ति बढ्दै गयो।। २९।।
पानी खूब परेर अन्न भुमिमा * सानन्द फल्दै गयो
ईर्ष्या ती द्विज–वर्गको मनमनै * निक्कै बढेको थियो।

यिन्को कीर्ति समाप्त पार्दछु भनी * जुक्ती विचारीलिए
गाई कल्पित एक त्यै बखतमा * तैयार पार्दा भए।। ३०।।
गर्थे गौतम होम सोहि स्थलमा * ती गाइ छाडीदिए
मौनी गौतमले धपाउन भनी * हुँ: हुँ: गरेका थिए।
गाई ताहिँ ढली मरी कपटकी * निर्मित् हुनाले अनि
गोहत्या किन विप्र भैकन गर्‍यौ ? * भन्दै कराए तिनी।। ३१।।
ज्ञानी गौतमले विचार गहिरो * मन्मा गरेथे जब
द्रोही ब्राह्मणले गरे छल भनी * राम्रै बुझेथे तब।
दोषी ब्राह्मण हुन् यि दुष्ट–मतिका * यस्तो विचारीकन
तिन्ले श्राप दिए रिसाइ सहसा * मैले भनेको सुन।। ३२।।
सारा विप्र दुखी र निन्दित हुनन् * पापात्म द्रोही पनि
आफ्नू कर्म तजी सबै घरघरै * डुल्नन् मगन्ते बनी।
श्रौत स्मार्त तजेर धर्म अथवा * रुद्राक्ष माला पनि
श्रद्धा त्यागिदिनन् जगज्जननिमा * आफैँ म ठूलो भनी।। ३३।।
यस्तो श्राप सुनेर विप्रगण ती * लज्जित् र दु:खी भए
पाऊँ गौतमजी, क्षमा गरिदिनोस् * बिन्ती छ भन्दै गए।
ज्ञानी विप्र गुणी थिए तरपनी * ईर्ष्या हुँदा यो घरि
ठूलो पाप गरीसक्यौ अब क्षमा * मैले गरूँ के गरी।। ३४।।
भन्छन् गौतम श्राप हुन्न कलिमा * यो व्यर्थ चाँडो अब
पर्ला भोग्नु अवश्य दुष्फल छिटै * फर्केर जाओ सब।
यस्तो बात सुनी विरक्त मनले * फर्के सबै ब्राह्मण
पापी ब्राह्मण ती समस्त कलिमा * जन्मे त्यसै कारण।। ३५।।

मणिद्वीप वर्णन – (३)

भन्थे सूत कथा प्रसन्न मनले * सुन्थे मुनी शौनक
पाई ज्ञान अनेक शास्त्रहरुको * मान्थे ति संरक्षक ।
भन्थे व्यास कथा पुराणहरु जो * सुन्थे ति जन्मेजय
सोधे त्यो मणिद्वीपको विषयमा * धेरै हुँदा संशय।। १।।
ज्ञानी नारदलाइ उत्तम कथा * श्री ईश नारायण
बद्रीमा तप गर्दथे उहि गरे * विस्तारले वर्णन ।
जस्ले सुन्छ तथा सुनाउँछ भने * बिग्रन्न उस्को मति
भोगी भोग यहाँ, मरेपछि उहाँ * होला सुखी त्यो अति।। २।।

सर्वोपरि छ यो लोक, देवी श्रीभुवनेश्वरी
नित्यै जहाँ रहेकी छन् अनेकौँ सूर्यले सरी ।
बाह्र योजन विस्तीर्ण सुधा–सिन्धु वरीपरि
रहेका छन् जहाँ सारा रत्न खानीहरू–भरी ।। ३।।

साह्रै उत्तम ब्रह्मलोक छ जहाँ * त्योदेखि क्यै मास्तिर
देवीको मणिद्वीप उत्तम तथा * ठूलो छ झन् सुन्दर ।
शक्तीले रचना स्वयम् गरिलिइन् * त्यस्को उसै कारण
भन्छन् त्यस्कन स्वर्गलोक श्रुति वा * जान्ने तपस्वी जन।। ४।।
साह्रै उत्तम जो छ विश्वभरिमा * विख्यात राम्रो भनी
मान्छन् श्रेष्ठ त्रिलोकमा जनहरू * वैकुण्ठभन्दा पनि ।
चारैतर्फ फलाम चाँदि सुनका * पर्खाल ठूला थिए
नाना शस्त्र भिरेर जङ्गि पहरा * चारै दिशा देखिए।। ५।।
लाखौँ योजनको फराक बलियो * लामू र चाक्लो पनि
चारैतर्फ सुधा–समुद्र छ ठुलो * ढाकेर रक्षक् बनी ।

चौतर्फी जलका तलाउ, फुलका * छन् बाटिका रत्नका
सीढी छन् बहुमूल्य रत्न—मणिका * बस्ने सुवर्णादिका।। ६।।
रत्नैका रुख छन् अनेक थरिका * फुल्छन् सबै हर्बखत्
हावा मन्द सुगन्ध—युक्त बहने * फैलाइ पूरा गमक्।
मेवा ताल तमाल साल कटहर् * डुम्री लिची काफल
केरा दारिम सुन्तला र चिउरी * चुत्रो फणीर् पिप्पल।। ७।।
छोहोरा र सुपारि आँप अमला * नास्पाति स्याऊ तिँदु
मुन्का दाख उखू र जामुनु तथा * त्यो तालपर्णी पिलु।
पत्री पान लता र ल्वाङ अमिली * अम्बा सिसौ मल्लिका
जाही जूहि चमेलि बेलि चिनियाँ * चम्पा तथा मल्लिका।। ८।।
पारीजात पलास चाँप तिलके * इत्यादि जो छन् जति
बाह्रै मास फूली फली रहँदछन् * शोभा बढाई अति।
पक्षी गुन्गुन गर्दछन् हरघडी * मीठो स्वरैले गरी
बोल्छन् फूलपिछे घुमेर भ्रमरा * प्रत्यक्ष लट्ठै परी।। ९।।
हावा उठ्छ, तरङ्ग चल्छ लहरी * ती सिन्धुमाथी जब
हल्लन्छन् अनि शंख मत्स्य कछुवा * त्यो वायुले नै सब।
रत्नैरत्न अनेक छन् तटभरी * छाल् हल्लिदा टल्कने
हेर्नेको मन हर्छ मन्द गतिले * हावा चली गम्कने।। १०।।
अर्को योजन नौ जती छ बलियो * पर्खाल किल्ला सरी
त्यस्मा फाटक छन् सबै वरिपरी * शोभा दिने राम्ररी।
रक्षा गर्न तयार छन् जनहरू * शस्त्रास्त्र धेरै भिरी
देवीका जति भक्त छन् पुगि त्यहीँ * बस्छन् तपस्या गरी।। ११।।
जान्छन् हेर्न अनेक शक्ति—महिमा * साना ठुला देवता
फिर्छन् छक्क परेर ती जननिको * देखेर सम्पन्नता।

माझैमा छ विशाल मन्दिर त्यहीँ * श्री देविको सुन्दर
भन्छन् त्यस्कन पद्मराग यहि हो * जान्ने सबै सादर।। १२।।
पूरा चालिस कोशको भवन त्यो * राम्रो र ठूलो पनि
छन् चौसट्ठि कलाहरू वरिपरी * छेकेर रक्षक् बनी।
त्यो सिंहासन सूर्य झैँ चहकिलो * चिन्तामणी नामको
बीचैमा छ जहाँ जगज्जननिको * बस्ने त्यही स्थान हो।। १३।।
कैयौँ योजनका ठुला भवन छन् * रत्नादिले निर्मित
रत्नैका सब वस्तु छन् वरिपरी * प्रासाद छन् चिन्तित।
ब्रह्मा, विष्णु र रुद्र, इन्द्र, यम छन् * अन्याऽन्य द्योता सब
कस्ले सक्तछ जान्न बुझ्न सहजै * त्यो स्थानको वैभव।। १४।।
थाले व्यासजि भन्न भूपति ! यहाँ * बिर्सेर चिन्ता दुख
सम्झी श्री जगदम्बिका खुशि गरौँ * थालेर अम्बा–मख।
त्यस्ले मुक्त हुनन् परीक्षित पिता * तिम्रा, त्यसै कारण
गर्छू यज्ञ भनेर तत्पर भए * भूपाल सोही क्षण।। १५।।
राखी विज्ञ सुपात्र ब्राह्मणहरू * त्यो यज्ञ थाल्दा भए
सारा वेद–विधानले क्रम–सहित् * पूरा गराईदिए।
आए नारदजी उसै बखतमा * भन्दै ति नारायण
राजालाइ भने प्रसन्न मनले * मैले भनेको सुन।। १६।।
राजन् ! मुक्त भए पिता, मख यही * पूरा हुनाले गरी
चिन्ता केहि नमान व्यर्थ मनमा * सन्तुष्ट छन् ईश्वरी।
यस्ता बात भनेर नारद गए * फर्केर वैकुण्ठमा
शान्ति प्राप्त भयो सबै तरहले * भूपालको चित्तमा।। १७।।

जो यो चरित्र खुशि भैकन नित्य सुन्ला
श्री शक्तिका चरणमा दृढ–भक्ति गर्ला।

विद्या, कलत्र, धन, पुत्र र कीर्ति पाई
पुग्नेछ देवि–पुरमा सुख भोग्नलाई ।। १८।।

उन्नाईस सये पचासि भनिने * त्यो विक्रमी सालमा
खोटाङ्को छुलुवारमा म जनमें * यो गाउँ फाक्टाङ्मा ।
नन्दीकेशर नाउँ हो, थर भने * आचार्य हो जान्नुहोस्
देवीभागवत प्रधान कृति हो * मेरो यही ठान्नुहोस् ।। १९ ।।

दुई हजार चालीस साल विक्रमको हुँदा ।
नेपाली श्लोकमा लेखें, पढून् भक्तहरू सदा ।।२०।।

।। इति श्रीमद्देवीभागवत महापुराण द्वादश स्कन्ध समाप्त।।

।। इति।।